# न्याय परिषद् बुलेटिन

पौष ३, २०६०
वर्ष ३, अङ्क ३



न्यायलाई सम्मान गरौं

कानूनको पालना गरौं

प्रकाशक
न्याय परिषद् सचिवालय
रामशाहपथ, काठमाडौं, नेपाल

# न्याय परिषद् बुलेटिन

वर्ष ३, अङ्क ३, २०६०

यस अङ्कमा

## खण्ड - क

पृष्ठ

(अ) गतिविधि ........ १-९

## खण्ड - ख

(आ) ऐन/नियम

- न्याय परिषद् ऐन, २०४७ ........ १०-१३
- न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ ........ १३-२८
- न्याय सेवा आयोग ऐन, २०४८........ २९-२९
- नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१........ ३०-३५

## खण्ड - ग

(इ) परिशिष्टहरु

### परिशिष्ट - १

क. पुनरावेदन अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरुको सरुवा नामावली..... ३६-३८
ख. जिल्ला न्यायाधीशहरुको सरुवा नामावली ........ ३८-४२

### परिशिष्ट - २

क. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा पदस्थापन हुनुभएका अधिकृतहरुको नामावली.. ४३-४३
ख. राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको सरुवा नामावली........ ४३-४३
ग. राजपत्राङ्कित द्वितीय श्रेणीमा बढुवा पदस्थापन हुनुभएका अधिकृतहरुको नामावली.. ४३-४४
घ. राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरुको सरुवा नामावली........ ४४-४६
ङ. राजपत्राङ्कित तृतीय श्रेणीमा पदस्थापन हुनुभएका अधिकृतहरुको नामावली........ ४६-४७
च. राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुको सरुवा नामावली........ ४७-५२

**सम्पादन समूह**

प्रकाशकुमार ढुङ्गाना
कैलाश के.सी.
उमेश प्रसाद लुईंटेल
दुर्गा प्रसाद ढुङ्गेल
मनोज के.सी.

**सहयोगी**

नवराज उपाध्याय
रमेश पुरी
प्रकाशचन्द्र श्रेष्ठ
जुजुभाई तण्डुकार
बच्चुराम थापा मगर

© न्याय परिषद् सचिवालय, २०६०

मुद्रक : काभ्रे अफसेट प्रेस
सुविधानगर, तिनकुने

# भूमिका

स्वतन्त्र, सक्षम र स्वच्छ न्याय प्रणाली स्थापनाका निम्ति नेपाल अधिराज्यको संविधान, २०४७ ले नयाँ अवधारणाका रुपमा न्याय परिषद्को संरचनालाई स्वीकार गरी न्यायाधीशको पनि न्यायाधीश भई काम गर्न र न्यायिक सुशासनलाई प्रवर्द्धन गर्न न्याय परिषद्को भूमिकालाई आत्मसात गरेको छ । यस पृष्ठभूमिमा न्याय परिषद्ले आफ्नो काम कारवाहीहरुलाई वस्तुपरक, तथ्यपरक, उत्तरदायी र पारदर्शी बनाउने उद्देश्य अनरुप न्याय परिषद्को पहिलो बैठक बसेको २०४७ पुष ३ गतेको दिनको अवसर पारी २०५८ सालदेखि यस सचिवालयले **न्याय परिषद् बुलेटिन** प्रकाशित गर्दै आएको छ । न्यायिक सुशासनको अवधारणालाई प्रवर्द्धन गर्ने दिशामा यस किसिमको कार्यले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । बुलेटिन प्रकाशनको यस कार्यप्रति सबैको सकारात्मक प्रेरणा प्राप्त भएकाले यसलाई निरन्तरता दिने सन्दर्भमा प्रस्तुत प्रकाशन संभव हुन सकेको छ । प्रस्तुत प्रकाशनलाई बढी उपयोगी र सूचनामूलक बनाउन यस पटक न्याय परिषद्सँग सम्बन्धित ऐन, नियमहरु समेतका सामग्रीहरु थप विषयवस्तु बनाइएका छन् । प्रकाशनलाई त्रुटिरहित बनाउने प्रयास गरिएको छ । कतिपय अवस्थामा नियत र उद्देश्य ठीक भएपनि मानवीय कार्यमा त्रुटि हुन सक्छन्, त्रुटि भएमा त्यसलाई सच्याउन सकिन्छ । त्रुटि हुन्छ भनेर कुनै पनि कार्य नगर्नुभन्दा त्रुटि भएमा सच्याउनु नै बढी स्वस्थकर र उपयोगी हुने मान्यताका आधारमा सबैको सहयोग र सद्भावले यसलाई निरन्तरता दिन सकौं भन्ने न्याय परिषद् सचिवालयको आग्रह छ । आगामी प्रकाशनमा राखिने सामग्रीका सम्बन्धमा समेत सचिवालयले सुझावको अपेक्षा गर्दछ । प्रस्तुत प्रकाशनलाई यस रुपमा ल्याउन सहयोग गर्ने सबैमा धन्यवाद दिन चाहन्छु । धन्यवाद !

पौष ३, २०६०

काशीराज दाहाल
सचिव
न्याय परिषद्

# खण्ड - क

## नियुक्ति

- न्याय परिषद्को मिति २०५९।९।५ को सिफारिश निर्णय अनुसार सर्वोच्च अदालतका अस्थायी न्यायाधीशहरु श्री रामनगीना सिंह र सुशीला सिंह सिलुलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरिबक्सन श्री ५ महाराजाधिराज सरकारका हजूरमा जाहेर भए अनुसार उहाँहरु सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुनु भएको छ ।
- न्याय परिषद्को मिति २०५९।१०।३ को सिफारिश निर्णय अनुसार पुनरावेदन अदालत विराटनगरका तत्कालीन माननीय मुख्य न्यायाधीशहरु श्री बलिराम कुमार, पुनरावेदन अदालत पोखराका माननीय मुख्य न्यायाधीश श्री राम प्रसाद श्रेष्ठ, पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री खिलराज रेग्मीको पदाधिकार पुनरावेदन अदालतको मुख्य न्यायाधीशमा कायमै राखी सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनुभएको छ । हाल उहाँहरुको पदाधिकार क्रमशः पुनरावेदन अदालत जुम्ला, दिपायल र तुलसीपुरको मुख्य न्यायाधीशमा कायम गरिएको छ ।
- न्याय सेवा आयोगको मिति २०६०।१।२९ को सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०६०।२।५ को निर्णयले नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकिल समूह राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरु श्री द्रोणराज रेग्मी, श्री कृष्णप्रसाद प्रसाईं, श्री नरेन्द्रप्रसाद पाठक र श्री चेतनाथ घिमिरे नेपाल न्याय सेवा अन्तर्गतको सरकारी वकिल समूहको राजपत्राङ्कित विशिष्ट श्रेणीको नायब महान्यायाधिवक्ता पदमा नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यालयमा नियुक्त हुनुभएको छ ।

## म्याद थप

- पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीशहरु श्री परशुराम झा र श्री चोलेन्द्र शम्शेर ज.ब.रा.लाई २ वर्षको निमित्त र अतिरिक्त न्यायाधीश श्री महेश्वरलाल मिश्रलाई २०६० कार्तिक मसान्तसम्मको लागि म्याद थप हुन श्री ५ महाराजाधिराज सरकारका हजूरमा न्याय परिषद्को मिति २०५९।१२।७ को सिफारिस गर्ने निर्णय अनुसार म्याद थप भएको छ ।

## अध्यक्ष र सदस्य तोकिएको

- नेपाल केन्द्रीय कानुन पुस्तकालयको अध्यक्षमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मालाई तोकिबक्सन न्याय परिषद्को मिति २०५९/९/५ को निर्णय अनुसार श्री ५ महाराजाधिराज सरकारका हजूरमा परामर्श जाहेर भई उहाँ सो पुस्तकालयको अध्यक्षमा तोकिनुभएको छ ।
- विशेष अदालतका सदस्य माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा पुनरावेदन अदालत दिपायलमा सरुवा हुनु भएकोमा रमाना भई जानुभएकोले न्याय परिषद्को मिति २०५९।१२।७ को सिफारिसले पुनरावेदन अदालत बुटवलका माननीय न्यायाधीश श्री गोविन्द प्रसाद पराजुली विशेष अदालतको सदस्य तोकिनुभएको छ ।
- न्याय परिषद्को मिति २०५९।१२।७ को परामर्श बमोजिम पुनरावेदन अदालत विराटनगरका माननीय न्यायाधीश श्री राघवलाल वैद्य हप्तामा तीन दिन आफू पदाधिकार रहेको अदालतमा र बांकी तीन दिन राजस्व न्यायाधिकरण विराटनगरमा काम गर्ने गरी सो न्यायाधिकरणको अध्यक्षमा, पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय राजस्व न्यायाधिकरण काठमाडौंमा पूर्ण समय काम गर्नेगरी सो न्यायाधिकरणको अध्यक्षमा र पुनरावेदन अदालत पोखराका माननीय न्यायाधीश श्री हरिप्रसाद घिमिरे तथा पुनरावेदन अदालत नेपालगन्जका माननीय न्यायाधीश श्री हरि बहादुर बस्नेत हप्ताको एक/एक दिन क्रमशः राजस्व न्यायाधिकरण पोखरा र राजस्व न्यायाधिकरण नेपालगन्जमा काम गर्ने र बांकी दिनहरुमा आ-आफ्नै पदाधिकार रहेका पुनरावेदन अदालतहरुमा काम गर्ने गरी उहाँहरु ती न्यायाधिकरणको अध्यक्षमा तोकिनु भएको छ ।
- श्री ५ को सरकारद्वारा गठित बैंक तथा वित्तीय संस्थाको ऋण असुली न्यायाधिकरणको कानून सदस्यमा नेपाल न्याय सेवा कानुन समूह राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत श्री राजुमान सिंह मल्ल न्याय सेवा आयोगको सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०६०।३।२ को निर्णयले २०६०।४।१ देखि लागू हुने गरि तोकिनु भएको छ ।
- श्री ५ को सरकारको निर्णयानुसार न्याय परिषद्का सचिवलाई नेपाल कानून सुधार आयोगको पदेन सदस्य तोकिएको छ ।

## पदस्थापन

- न्याय सेवा आयोगको मिति २०५९।११।२३ को सिफारिस बमोजिम श्री ५ को सरकारको निर्णयले नेपाल न्याय सेवा अन्तर्गत न्याय समूहमा राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा हुनु भएका २ जना अधिकृतहरुको बढुवा पदस्थापन भएको छ (पदस्थापित अधिकृतहरुको विवरण परिशिष्ट - २ (क) मा दिइएको छ ) ।
- न्याय सेवा आयोगको मिति २०५९।११।२३ को सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०५९।१२।४ को निर्णयले मिति २०५९।७।१२ देखि जेष्ठता कायम हुने गरी नेपाल न्याय सेवा अन्तर्गत सरकारी वकिल समूहमा राजपत्राङ्कित प्रथम श्रेणीमा कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा हुनु भएका ३ जना अधिकृतहरुको बढुवा पदस्थापन भएको छ (पदस्थापित अधिकृतहरुको विवरण परिशिष्ट - २ (क) मा दिइएको छ ) ।
- न्याय सेवा आयोगको मिति २०५९।१२।१७ को सिफारिस बमोजिम श्री ५ को सरकारको २०५९।१२।२४ को निर्णयले मिति २०५९।१२।२१ देखि लागू हुने गरी नेपाल न्याय सेवा अन्तर्गत न्याय समूहको राजपत्राङ्कित द्वितीय श्रेणीमा कार्यक्षमताको मूल्याङ्कनको आधारमा संशोधित नामावली अनुसार बढुवा हुनु भएका १४ जना अधिकृतहरुको विभिन्न अदालतहरुमा बढुवा पदस्थापन भएको छ । (पदस्थापित अधिकृतहरुको विवरण परिशिष्ट - २ (ग) मा दिइएको छ ) ।

- न्याय सेवा आयोगको मिति २०५९।१२।१७ को सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०५९।१२।२४ को निर्णयले २०५९।१२।१८ देखि लागू हुने गरी नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकिल समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा लोक सेवा आयोगबाट सिफारिस भई आउनु भएका नेपाल न्याय सेवाका विभिन्न समूहका २८ जना अधिकृतहरुको विभिन्न कार्यालयहरुमा पदस्थापन भएको छ । (पदस्थापित अधिकृतहरुको विवरण परिशिष्ट - २ (ङ) मा दिइएको छ ।)
- नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकिल समूहका राजपत्राङ्कित द्वितीय श्रेणीमा कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवा हुनभएका न्याय समूहका ४, सरकारी वकिल समूहका ४ र कानून समूहका ३ जना अधिकृतहरुको विभिन्न कार्यालयहरुमा बढुवा पदस्थापन भएको छ । (बढुवा पदस्थापित अधिकृतहरुको विवरण परिशिष्ट - २ (ग) मा दिइएको छ ।)

## आयोग/समिति गठन

- २०६० चैत्र २५ गते रुपन्देही जिल्लाको बुटवलमा घटेको घटना सम्बन्धमा यर्थाथ जाँचबुझ गर्न न्याय परिषद्को परामर्शले पुनरावेदन अदालत हेटौडाका माननीय न्यायाधीश श्री लोकेन्द्र मल्लिकको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ आयोग गठन भई तोकिएको कार्य सम्पन्न भएको छ ।
- काठमाण्डौ जिल्लाको कीर्तिपुर नगरपालिका क्षेत्रमा ताजा खबर साप्ताहिक पत्रिकासँग सम्बद्ध अमर लामाको हत्या भएको घट्नाको सम्बन्धमा जाँचबुझ गरि सत्य तथ्य पत्ता लागाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न न्याय परिषद्को परामर्शले पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश श्री मधुसुदनलाल श्रेष्ठको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ हायोग गठन भई तोकिएको कार्य सम्पन्न गरेको छ । आयोगको काममा सहयोग पुऱ्याउन यस सचिवालयका उपसँचिव श्री कैलाश के.सी., ना.सु. श्री प्रकाशचन्द्र श्रेष्ठ र टा.ना.सु. श्री बच्चुराम थापा मगर उक्त समितिमा काजमा जानुभएको थियो ।
- न्याय सेवा आयोगको मिति २०६०।५।१० को निर्णयले नेपाल न्याय सेवा (गठन तथा समूह विभाजन नियुक्ति, सरुवा र बढुवा) नियमहरु, २०५१ लाई समयानुकुल सुधार गर्ने सन्दर्भमा उक्त नियमावलीमा संशोधन सहितको मस्यौदा प्रतिवेदन पेश गर्न महान्यायाधिवक्ताको संयोजकत्वमा न्याय सेवा आयोगका सचिव र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव समेत सदस्य रहेको समिति गठन भएको छ । सो समितिको कार्यालय न्याय सेवा आयोग कार्यालयमा स्थापना गरिएको तथा उक्त समितिको सचिवमा न्याय परिषद् सचिवालयका उपसचिव श्री कैलाश के.सी.तोकिनुभएको छ ।

## सरुवा

- न्याय परिषद्को मिति २०५९।१०।२१ को निर्णय अनुसार पुनरावेदन अदालतका ८ जना माननीय मुख्य न्यायाधीशहरुको सरुवा भएको छ । यसरी सरुवा गरिंदा ५ जना माननीय मुख्य न्यायाधीशहरु सरुवा हुनु भएको छ भने सर्वोच्च अदालतका अस्थायी माननीय न्यायाधीशहरु श्री बलिराम कुमार, श्री राम प्रसाद श्रेष्ठ र श्री खिलराज रेग्मीको पदाधिकार क्रमशः पुनरावेदन अदालत जुम्ला, दिपायल र तुलसीपुरको मुख्य न्यायाधीशमा कायम गरिएको छ ।

यस्तै न्याय परिषद्को मिति २०५९।१०।२१ को सिफारिस अनुसार पुनरावेदन अदालतका ५१ जना माननीय न्यायाधीशहरु तथा मिति २०६०।१।१० मा न्याय मन्त्रीको हैसियतले प्रधानमन्त्री समेत रहेको न्याय परिषद्को बैठकको सिफारिसले १२७ जना माननीय जिल्ला न्यायाधीशहरुको विभिन्न अदालतहरुमा सरुवा भएको छ । (सरुवा हुनु भएका न्यायाधीशहरुको विवरण परिशिष्ट - १ मा दिइएको छ ) ।

- न्याय सेवा आयोगको मिति २०५९।११।२३ को सिफारिस र श्री ५ को सरकारको मिति २०५९।१२।४ को निर्णय अनुसार नेपाल न्याय सेवा अन्तर्गत न्याय समूह राजपत्रांकित प्रथम श्रेणीका ३ जना अधिकृतहरुको सरुवा भएको छ । (सरुवा हुनु भएका अधिकृतहरुको विवरण परिशिष्ट - २ (ख) मा दिइएको छ ) ।
- न्याय सेवा न्याय समूह अन्तर्गत राजपत्रांकित द्वितीय श्रेणीका ७ जना अधिकृतहरु र सरकारी वकिल समूहका राजपत्राङ्कित प्रथम श्रेणीका ७ जना अधिकृत कर्मचारीहरुको सरुवा भएको छ । (सरुवा हुनु भएका अधिकृतहरुको विवरण परिशिष्ट - २ (ख) मा दिइएको छ ) ।
- न्याय सेवा आयोगको मिति २०५९।१२।१७ को सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०५९।१२।२४ को निर्णयले नेपाल न्याय सेवा सरकारी वकिल समूहका राजपत्रांकित द्वितीय श्रेणीका ४३ जना अधिकृतहरुको सरुवा भएको छ । (सरुवा हुनु भएका अधिकृतहरुको विवरण परिशिष्ट - २ (घ) मा दिइएको छ ) ।
- न्याय सेवा सरकारी वकिल समूह राजपत्रांकित तृतीय श्रेणीका ६२ जना र सोही सेवा, न्याय समूहका राजपत्रांकित तृतीय श्रेणीका १ जना अधिकृतको सरुवा भएको छ । (सरुवा हुनु भएका अधिकृतहरुको विवरण परिशिष्ट - २ (च) मा दिइएको छ ) ।
- न्याय मन्त्रीको हैसियतले प्रधानमन्त्री समेत रहेको न्याय सेवा आयोगको मिति २०६०।१।२२ को सिफारिस बमोजिम श्री ५ को सरकारको मिति २०६०।१।३० को निर्णयले नेपाल न्याय सेवा अन्तर्गत न्याय समूह .जपत्रांकित तृतीय श्रेणीका ८६ जना अधिकृत कर्मचारीहरुको सरुवा भएको छ । (सरुवा हुनु भएका अधिकृतहरुको विवरण परिशिष्ट - २ (च) मा दिइएको छ ) ।
- अध्ययन विदामा रहनु भएका न्याय परिषद् सचिवालयका शाखा अधिकृत श्री खेमराज ज्ञवाली मिति २०६०।१।३० को निर्णयले पुनरावेदन अदालत नेपालगञ्जमा सरुवा हुनु भई न्याय परिषद् सचिवालयको रिक्त शाखा अधिकृत पदमा पुनरावेदन अदालत पाटनका शाखा अधिकृत श्री मनोज के.सी. सरुवा भै आउनु भएको छ ।

## उजुरीको स्थिति र कार्य प्रणाली

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) र न्याय परिषद् ऐन, २०४७ को दफा ५ बमोजिम जिल्ला र पुनरावेदन अदालतका न्यायाधीश उपर न्याय परिषद् सचिवालयमा २०६० साल मंसीर मसान्त सम्म पर्न

आएका जम्मा २९८ उजुरीहरु विभिन्न मितिमा छानविन भई केही उजुरीहरु निरर्थक देखिएकोले तामेलीमा गएका र केही उजुरी एवम् प्रतिवेदनको आधारमा कारबाही भएका तथा न्याय परिषद् सचिवालयमा परेका सबै उजुरीहरुको सम्बन्धमा न्याय परिषद् सचिवालयले प्रारम्भिक जाँचबुझ गरी न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ को नियम १४ बमोजिम आवश्यक जाँचबुझ गरी सोही नियमको १४(२) बमोजिम न्याय परिषद्का सचिवद्वारा सम्माननीय अध्यक्ष एवम् प्रधान न्यायाधीश समक्ष न्याय परिषद्मा परेका उजुरीहरुको विवरण र त्यस उपरको प्रारम्भीक जाँचबुझ समेतको प्रतिवेदन प्रस्तुत गरिएको छ । यसरी न्याय परिषद्मा परेका प्रत्येक उजुरीहरुको सचिवालयबाट प्रारम्भिक जाँचबुझ गरी पेश गर्ने कार्य प्रणालीको विकास गरिएको छ ।

## सेवा निवृत्त

- सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य मिति २०६०।१।१३ बाट, पुनरावेदन अदालतका माननीय अतिरिक्त न्यायाधीश श्री महेश्वरलाल मिश्र २०६० कार्तिक मसान्तबाट र जिल्ला न्यायाधीश श्री श्याम किशोर प्रसाद कायस्थ मिति २०६०।२।२० बाट सेवा निवृत्त हुनु भएको छ ।
- पुनरावेदन अदालत नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री ध्रुवनाथ उपाध्याय र पुनरावेदन अदालत हेटौंडाका माननीय न्यायाधीश श्री लक्ष्मी प्रसाद दाहालले व्यक्तिगत कारण देखाई क्रमशः मिति २०६०/७/१८ र २०६०/१/७ देखि लागू हुने गरि राजीनामा दिई सेवा निवृत्त हुनु भएको छ ।
- कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव पदमा कार्यरत नेपाल न्याय सेवा, कानुन समूह, विशिष्ट श्रेणीका अधिकृत श्री उदय नेपाली श्रेष्ठ ५ वर्ष पदावधि पूरा गरि २०६०।४।२० बाट सेवा निवृत्त हुनुभयो । सेवा निवृत्तिको लगतै उहां नेपाल कानून सुधार आयोगको उपाध्यक्षमा नियुक्त हुनु भएको छ ।
- नेपाल अधिराज्यका महान्यायाधिवक्ताको कार्यलयमा नायव महान्यायाधिवक्ताको पदमा कार्यरत नेपाल न्याय सेवा सरकारी वकिल समूहका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री नन्द बहादुर सुवेदी मिति २०५९।१०।१ देखि ५८ वर्ष उमेर पूरा भै सेवा बाट निवृत्त हुनु भएको छ ।
- नेपाल न्याय सेवा, न्याय समूह अन्तर्गतका राजपत्राकित प्रथम श्रेणीका अधिकृत श्री दिल बहादुर शाही ५८ वर्ष उमेर पूरा भई मिति २०६०।१।१ देखि तथा सोही सेवा, समूह राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत श्री मुक्तिनाथ घिमिरे ५८ वर्ष पूरा भई मिति २०६०।१।१ देखि सेवा निवृत्त हुनु भएको छ ।
- विज्ञान तथा प्रविधि मन्त्रालयका कानून अधिकृत नेपाल न्याय सेवा अन्तर्गत कानून समूहका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत श्री तुलसी प्रसाद खरेलले २०६०।५।१५ देखि लागू हुने गरि र रोल्पा जिल्ला अदालतका श्रेस्तेदार नेपाल न्याय सेवा अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत श्री रामचन्द्र सापकोटाले २०६०।७।१ देखि लागू हुने गरि आ-आफ्नो पदबाट राजिनामा दिनु भई सेवाबाट अलग हुनुभएको छ ।

## अभिलेख अद्यावधिक

- नेपाल अधिराज्यको संविधान, २०४७, न्याय परिषद् ऐन, २०४७ तथा न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६ बमोजिम विभिन्न तहका अदालतहरुमा न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका व्यक्तिहरुको अभिलेख अद्यावधिक गराई राख्नु पर्ने कानुनी व्यवस्था अनुरुप न्याय परिषद् सचिवालयले न्यायाधीशहरुको वैयक्तिक विवरण अन्तर्गत संक्षिप्त वैयक्तिक विवरण, सम्बधित न्यायाधीश उपरको उजुरी, त्यसमा भएको कारवाही, आदेश र फैसला उपरको न्यायिक टिप्पणी, निरिक्षण एवं कार्यसम्पादन मूल्याङ्कन जस्ता विषयहरुलाई स्पष्ट देखिने गरी एउटै अभिलेखमा सम्बन्धित न्यायाधीशको फोटो सहितको अभिलेख अद्यावधिक गरिएको छ ।
- नेपाल कानुन व्यवसायी परिषद् र त्रिभुवन विश्वविद्यालय, कानुन संकायको सहयोगमा कानून व्यवसायी र कानुनका शिक्षकहरुको विवरण समेतको अभिलेख सचिवालयमा अद्यावधिक गरिएको छ । यसैगरी न्याय सेवाका अधिकृतहरुको वैयक्तिक विवरण र कार्यसम्पादन मूल्याङ्कन विवरणलाई समेत सचिवालयले अद्यावधिक गरेको छ ।

## न्यायाधीशहरुको वैयक्तिक विवरण प्रकाशन

- सुशासनका लागि पारदर्शीता आवश्यक मानिएको सन्दर्भमा न्याय परिषद्ले आफनो काम कारवाहीलाई अफ बढी पारदर्शी, वैज्ञानिक र व्यवस्थित गर्दै लैजाने क्रममा विभिन्न तहका न्यायाधीशहरु तथा नेपाल न्याय सेवाका अधिकृत कर्मचारीको अभिलेखलाई वैज्ञानिक तथा व्यवस्थित बनाउँदै लैजाने उद्देश्यले जिल्ला न्यायाधीशहरुको कार्यसम्पादन मूल्याङ्कन लगायतको विस्तृत विवरण सहितको छुट्टै अभिलेख सचिवालयमा राखी सोही अभिलेखबाट संक्षिप्त रुपमा ***जिल्ला न्यायाधीशहरुको वैयक्तिक विवरण, २०६०*** प्रकाशित गरिएको छ । आगामी दिनमा अन्य तहका माननीय न्यायाधीशहरु तथा अधिकृत कर्मचारीहरुको वैयक्तिक विवरण पनि क्रमशः प्रकाशित गरिदै लैजाने उद्देश्य अनुरुप पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश तथा माननीय न्यायाधीशहरुको संक्षिप्त वैयक्तिक विवरण पनि सचिवालयमा तयार भई प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

## न्याय परिषद् ऐन संशोधन गर्न प्रस्ताव प्रस्तुत

- न्यायिक अनुशासन कायम गर्ने निकायको प्रभावकारिता र सुदृढीकरणका लागि न्यायाधीशको सेवा शर्तहरु, न्यायिक अनुशासन र आचारणसँग सम्बन्धित ऐन, नियमहरुमा समयानुकुल सुधार तथा परिमार्जन गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरुको विभिन्न सम्मेलनमा प्रस्ताव पारित गरी दिएको सुझाव अनुरुप

गठित उच्चस्तरीय समितिले न्याय परिषद् ऐनमा मूलतः निम्नानुसारको सुधारको लागि संशोधन मस्यौदा सहितको सुझाव श्री ५ को सरकार समक्ष प्रस्तुत गरेको छ।

- कुनै न्यायाधीश उपर कार्यक्षमताको अभाव वा खराब आचरण सम्बन्धी आरोपमा कारवाही गर्ने सम्बन्धमा कसूरको मात्रानुसार सचेत गराउने वा निश्चित अवधीको लागि मुद्दा हेर्न रोक लगाउने, माथिल्लो तहको न्यायाधीश पदमा नियुक्तिको लागि निश्चित अवधीसम्म सिफारिस नगर्ने वा पदबाट मुक्त गर्ने जस्ता कसूरको मात्रानुसार सजाय गर्न सक्ने व्यवस्था हुनु पर्ने।
- जाँचबुझ समितिलाई आरोपित न्यायाधीश वा अरु कसैको चलअचल सम्पत्तिमा आवश्यकतानुसार खानतलासी लिने, कब्जा वा नियन्त्रणमा लिनेजस्ता अधिकारहरु दिइनु पर्ने।
- जाँचबुझको काममा सम्बन्धित विशेषज्ञको राय लिन वा विशेषज्ञ कर्मचारीलाई काममा लगाउन सक्ने व्यवस्था हुनु पर्ने।
- कुनै न्यायाधीशउपर भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउने सम्बन्धमा न्याय परिषद् ऐनमा भएको विद्यमान प्रावधान अपर्याप्त रहेकोले अझ स्पष्ट व्यवस्था हुनु पर्ने।

## अन्तरक्रिया कार्यक्रम तथा राष्ट्रिय सम्मेलन

- न्याय परिषद् सचिवालयद्वारा २०६० आश्विन महिनामा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। आश्विन २६ गते आयोजित सो कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको सहभागिता रहेको थियो भने सोही ३० गते आयोजित कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरु समेतको सहभागिता रहेको थियो। न्याय परिषद्का माननीय कानूनविद् सदस्य श्री कृष्ण प्रसाद घिमिरे, न्याय परिषद्का सचिव श्री काशीराज दाहाल र सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित पर्यवेक्षकको रुपमा सहभागी हुनु भएको थियो। उक्त कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्यायले *न्याय, कानून र विकास बीचको अन्तरसम्बन्ध*, माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठले *न्याय प्रशासनमा सर्वोच्च अदालतको भूमिका, कार्यबोझको स्थिति, सुधारका पक्षहरु,* माननीय न्यायाधीश श्री हरि प्रसाद शर्माले *कानूनी राज्यको अवधारणा र कानूनी शासनप्रति राज्यको प्रतिबद्धता* र माननीय न्यायाधीश श्री मीन बहादुर रायमाझीले *रिट निवेदनको सुनुवाई, अन्तरिम आदेश र मुद्दामा हुने अन्तरकालीन आदेश* समेतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त कार्यक्रममा देहाय अनुसारका निस्कर्षहरु प्रस्तुत भयो।
    - कानून विकासको आवश्यक पूर्वाधार हो। कानून जुन प्रयोजनको लागि निर्माण गरिएको हो, सोही अर्थ बुझी सम्बद्ध पक्षले कार्य सम्पादन गर्नुपर्ने हुन्छ। विधायिका र कार्यपालिकालाई संविधानको सर्वोच्चताको अधिनमा रही उत्तरदायी बनाउन न्यायपालिकाले सृजनशील र सक्रिय भूमिका निर्वाह गर्नु पर्ने।
    - विकासका लागि विवेकयुक्त कानून प्रणालीको आवश्यकता एकातर्फ छ भने अर्को तर्फ त्यस्तो विकासका कार्यहरु गर्दा कानूनको उचित प्रक्रिया पालन गरेर मात्र गर्नु पर्ने।
    - कानून, विकास र न्यायको बीचमा अन्योन्याश्रीत सम्बन्ध छ। अन्तरराष्ट्रिय सन्धि संझौताका मान्यताहरु, कानून र न्यायका मान्य सिद्धान्तहरुका आधारमा विकासका विषयहरु प्रति अदालत बढी संवेदनशील बनी त्यस्ता विवादहरुलाई अग्राधिकार दिई न्यायिक निरोपण गर्ने तर्फ सचेष्ठ हुनु पर्ने।
    - गंभीर र संवेदनशील प्रकृतिका रीट निवेदनहरु प्रथम सुनवाईमा नै मिति तोकी मुद्दाको अन्तिम सुनवाई गर्ने पद्धतिको विकास गर्नु उचित हुने।
    - अनावश्यक र निरर्थक प्रकृतिका मुद्दाहरुले अदालतमा प्रवेश नपाओस भन्नाका निम्ति मुद्दा दर्ता गर्दा र प्रथम सुनवाईमा नै ध्यान दिइनु पर्ने।
    - गंभीर प्रकृतिका मुद्दा र निवेदन प्रतिवेदनको सुनवाईका निम्ति एक भन्दा बढी न्यायाधीशहरुको इजलास गठन गर्न सक्ने अधिकार प्रधान न्यायाधीशलाई हुने व्यवस्था नियमावलीमा गर्ने।
    - झुठ्ठा मुद्दालाई निरुत्साहीत गर्न मुद्दामा लागेको खर्च भराउने व्यवस्था गरिनु पर्ने।
    - बहस' व्यवस्थापनको निम्ति बार र बेञ्च बीच निश्चित मापदण्डका निमित्त न्याय परिषद् सचिवालय मार्फत बार बेञ्चको सहभागितामा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने।
    - विशिष्टीकृत इजलासको गठन सम्बन्धमा नियममा विशेष व्यवस्था गर्ने।
    - वर्तमान अवस्थामा विभिन्न तहमा रहेको मुद्दाको कार्यबोझलाई समुचित व्यवस्थापन गर्ने सम्बन्धमा राय सुझाव दिन सर्वोच्च अदालतको पूर्ण बैठकबाट एक समिति गठन गर्ने।
    - कानूनी राज्यको अवधारणा अनुरुप राज्यको तहबाट उचित कानूनको माध्यमद्वारा समानता र समन्यायिक दृष्टिकोणलाई समाहित गरी त्यस्तो कानून बमोजिम राज्य प्रशासनको संचालन हुनुपर्ने।
    - कानूनी राज्यको अवधारणालाई व्यवहारमा मुखरित गराउन स्वतन्त्र र सक्षम न्याय प्रणाली अपरिहार्य भए अनुरुप नै नेपाल अधिराज्यको संविधान, २०४७ ले स्वतन्त्र र सक्षम न्याय प्रणालीलाई महत्वपूर्ण पक्षको रुपमा स्वीकार गरेको सन्दर्भमा न्यायपालिकाले कानूनी राज्यको अवधारणा, संविधानको सर्वोच्चता, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानून तथा न्यायका मान्य सिद्धान्त अनुरुप विधायिका एवं कार्यपालिका समेतलाई उत्तरदायी बनाउन रचनात्मक र सृजनशील भूमिका निर्वाह गर्नुपर्ने।
    - नेपाल अधिराज्यको संविधान, २०४७ ले सर्वोच्च अदालतबाट मुद्दाको रोहमा प्रतिपादित सिद्धान्त र नजीरहरुलाई राज्यका सबै निकाय र पदाधिकारीहरुले मान्नु पर्ने गरी अन्तिम न्यायिक व्याख्यताको रुपमा न्यायपालिकालाई राखेको सन्दर्भमा न्यायिक निर्णयहरु तदारुकताकासाथ पालना र कार्यान्वयन गर्ने प्रवृत्तिको विकास राज्य पक्ष एवं अन्य निकाय र व्यक्तिहरुबाट भएमा नै कानूनी शासनको मान्यताले जीवन्तता प्राप्त गर्ने।

- **सुशासन र स्वच्छ न्याय प्रशासन सम्बन्धी अन्तरक्रिया कार्यक्रम:** न्यायिक सुशासन कायम गर्ने सन्दर्भमा न्यायिक सिर्जनशीलता र न्यायिक सुशासनको प्रवर्द्धनमा नागरिक समाजसंगको सहकार्यले समेत सहयोग पुग्ने विश्वासका साथ न्याय परिषद् सचिवालय र ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको संयुक्त आयोजनामा मिति २०५९ साल माघ १८ र १९ गते "सुशासन र स्वच्छ न्याय प्रशासन" विषयक दुई दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।



सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु, श्री ५ को सरकारका सम्बन्धित सचिवहरु तथा नागरिक समाजका प्रतिनिधिहरुको सहभागी भएको थियो । सम्माननीय प्रधान न्यायाधीश एवं न्याय परिषद्का अध्यक्ष श्री केदार नाथ उपाध्यायले आफ्नो उद्घाटन मन्तव्यको क्रममा उहाँले न्याय सम्पादनको क्रममा कायम गरिएको गुणस्तरीयता, लगनशीलता, इमान्दारिता एवं शालीनताको माध्यमबाटै अदालतको जनआस्था र विश्वास बढ्ने विचार व्यक्त गर्नु भएको थियो । न्याय परिषद्का सदस्य एवं माननीय न्याय मन्त्री श्री धर्म बहादुर थापाले मौलिक हकको रक्षा र कानुनी राजको सुनिश्चितताको लागि न्यायपालिकाको काम, कारवाहीहरु चुस्त, पारदर्शी र स्वच्छ हुनु पर्ने र सो को लागि श्री ५ को सरकारले सबै प्रकारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष श्री कुल शेखर शर्माको अध्यक्षतामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा न्याय परिषद्का सचिव श्री काशीराज दाहालले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्दै न्यायिक सुशासनको प्रवर्द्धन र विकासमा नागरिक समाजसंगको सहकार्य फलदायी हुने विचार व्यक्त गर्नुभएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले *भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका*, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठले *भ्रष्टाचार सम्बन्धी मुद्दाको निरुपण : संरचना र कार्यविधि एवं न्यायिक अनुशासन कायम राख्न न्याय परिषद्को भूमिका*, नेपाल बार एशोसिएसनका अध्यक्ष श्री सिन्धुनाथ प्याकुरेल र नेपाल बार एशोसिएसनका पार्षद श्री चण्डेश्वर श्रेष्ठले *न्यायिक स्वच्छता - अपेक्षा र यथार्थ : न्याय परिषद् र कानून व्यवसायी परिषद्को भूमिका* र ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका उपाध्यक्ष श्री रमेश नाथ ढुङ्गेल र कोषाध्यक्ष श्री सुनिल अधिकारीले *सुशासन र स्वच्छ न्यायिक कार्यप्रणाली* विषयका कार्यपत्रहरु पेश गर्नुभएको थियो भने उक्त सत्रहरुमा क्रमश: सम्माननीय पूर्व प्रधान न्यायाधीश श्री केशव प्रसाद उपाध्याय, सम्माननीय पूर्व प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय, सम्माननीय प्रधान न्यायाधीश श्री केदारनाथ उपाध्याय र सम्माननीय पूर्व प्रधान न्यायाधीश श्री त्रिलोक प्रताप राणाले अध्यक्षता गर्नु भएको थियो ।

उक्त कार्यक्रममा निम्नानुसारका निष्कर्षहरु प्रस्तुत भएको थियो :-

- भ्रष्टाचार निवारणका लागि स्थापित भएका संस्थागत संरचनामा क्रियाशीलता र सकृयता बढाउनपर्ने र नागरिक समाजसँग समेत समन्वय कायम गरेर सहकार्य गरी अगाडी बढ्नु पर्ने ।
- श्वेतग्रीवी अपराधको रुपमा भ्रष्टाचारजन्य कार्यहरुको विशिष्ट स्वभाव र प्रकृतिलाई सापेक्षतामा बुझ्नु आवश्यक भएता पनि कानुनको उचित प्रकृयाको अनुशरण, कानूनको सिर्जनशील प्रयोग र सम्पादित कार्यमा स्तरीयता कायम गर्नेतर्फ सम्बद्ध सबैको प्रयास केन्द्रित हुनु पर्ने ।
- भ्रष्टाचारजन्य अपराधको अनुसन्धान, तहकिकात, अभियोजन एवं न्यायिक प्रकृयामा हासिल भएका अनुभव तथा व्यवहारिक ज्ञानको आदान प्रदान गर्न समय समयमा यी अंगहरु बीच समीक्षा र अन्तरक्रियाहरु हुनुपर्ने ।
- भ्रष्टाचारजन्य कार्यलाई पनि देशको समाजिक परिवेश (Social Context) मा हेर्नु पर्ने तथा सामाजिक तथा नैतिक सुधारको पक्षलाई आत्मसात गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने तर्फ सबैमा प्रतिबद्धता र दृढ इच्छाशक्ति रहनुपर्ने आदि । (यस सम्बन्धी विस्तृत विवरण न्याय परिषद् सचिवालयद्वारा प्रकाशित सुशासन र स्वच्छ न्याय प्रशासन सम्बन्धी प्रतिवेदन, २०६० मा दिइएको छ ।)

- **जिल्ला न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन:** न्याय परिषद् सचिवालयद्वारा *"आजको आवश्यकता: न्यायिक सुशासन प्रतिको प्रतिबद्धता"* भन्ने मूल नाराका साथ जिल्ला न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन, २०६० साल जेष्ठ ५, ६ र ७ गते संचालन गरियो । उक्त कार्यक्रमको उद्घाटनको अवसरमा सम्माननीय अध्यक्ष श्री केदारनाथ उपाध्यायले प्रस्तुत कार्यक्रम न्यायाधीशहरुको क्षमता विकास गर्ने सन्दर्भमा, शिघ्र र सुलभ न्याय सम्पादन गर्ने र न्यायिक सुशासन कायम गर्ने सन्दर्भमा फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो । न्याय परिषद्का सचिव श्री काशीराज दाहालले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्दै न्यायिक क्षमता अभिवृद्धि गर्न तथा न्यायिक सुशासनको विकास र प्रवर्द्धनमा प्रस्तुत कार्यक्रम फलदायी हुने विचार व्यक्त गर्नु भयो । उक्त उद्घाटन कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, कानून मन्त्रालयका सचिव लगायतका विशिष्ट महानुभावहरुको उपस्थिती रहेको थियो । जेठ ५ देखि ७ गते सम्म सञ्चालित उक्त कार्यक्रममा १०७ जना माननीय जिल्ला न्यायाधीशहरुको

सहभागिता रहेको थियो । उक्त कार्यक्रममा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री उदय नेपाली श्रेष्ठले ***विवाद समाधानका वैकल्पिक उपाय:*** (Alternative Dispute Resolution: ADR) र ***न्यायपालिकीय अग्रसरता: संभावना र अपेक्षा,*** डा. हिक्मत विष्ट तथा श्री मुक्ति प्रसाद काफ्लेले ***न्यायिक अधिकारको निक्षेपण:औचित्य र चुनौती*** र अधिवक्ता श्री अनुपराज शर्माले ***विदेशी विनिमय तथा प्रतीतपत्र कारोबारको सन्दर्भमा बैंकिङ्ग कानून: सिद्धान्त र व्यवहार*** विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।




उक्त कार्यक्रमबाट मूलत: निम्नानुसार निष्कर्षहरु प्रस्तुत भएका थिए :-

- छिटो, छरितो र कम खर्चिलो न्याय प्राप्तिको साधनको रुपमा रहेको वैकल्पिक न्याय प्रणालीलाई हाम्रो परिवेशमा पनि अवलम्बन गर्न प्रोत्साहित गरिनु पर्ने र सो सम्बन्धी कानुनहरुको संहिता बनाउने, कुशल जनशक्ति निर्माण गर्ने, तथा सो को लागि आवश्यक पूर्वाधारहरुको विकास गरिनु पर्ने ।
- स्थानीय स्वायत्त शासन ऐन अन्तर्गतका मुद्दाहरु स्थानीय निकायबाट हेर्ने तथा फैसला कार्यान्वयन स्थानीय निकायबाटै हुने व्यवस्था गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउने ।
- अन्तरराष्ट्रिय सन्धि संझौताहरुमा हस्ताक्षर तथा अनुमोदन गर्नु पूर्व मुलुकमा भएका आवश्यक पूर्वाधारहरुको आँकलन गरी त्यसको कार्यान्वयनमा प्रभावकारीता दिलाउनेतर्फ सचेत हुनु पर्ने ।
- फौज्दारी न्याय सम्बन्धी हकको व्यवहारिक कार्यान्वयनको पक्षमा फौज्दारी न्याय प्रणलीमा व्यापक सुधार हुनु पर्ने ।
- मुद्दाको संवेदनशीलता र सामाजिक नैतिकता एवं गोपनीयताको हकको रक्षाको लागि बन्द इजलाशको अवधारणलाई विस्तृत बनाउन आवश्यक ऐनको निर्माण गरिनु पर्ने र ऐनको निर्माण नहुञ्जेल सम्मको लागि सर्वोच्च अदालतबाट सो सम्बन्धी परिपत्र जारी गरिनु पर्ने आदि । (यस सम्बन्धी विस्तृत विवरण न्याय परिषद् सचिवालयद्वारा प्रकाशित सुशासन र स्वच्छ न्याय प्रशासन सम्बन्धी प्रतिवेदन, २०६० मा दिइएको छ ।) यसै गरी यस आर्थिक बर्षमा पुनरावेदन अदालतका न्यायाधीशहरुको राष्ट्रिय सम्मेलनका निम्ति न्याय परिषद् सचिवालयले तयारी गर्दै रहेको छ ।

- **स्वच्छ न्याय प्रशासनमा कर्मचारीको भूमिका:** न्याय सेवा आयोगको आयोजनामा २०६० असार १३ देखि १५ गतेसम्म *स्वच्छ न्याय प्रशासनमा कर्मचारीको भूमिका* विषयक त्रिदिवसीय अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री हरिजङ्ग सिजापतिले उद्घाटन गर्नुभएको थियो । उद्घाटनको क्रममा माननीय मुख्य न्यायाधीश श्री सिजापतिले कर्मचारी न्याय प्रशासनका मेरुदण्ड भएकोले न्यायपालिकालाई गतिशील बनाउन कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने विचार व्यक्त गर्नुभएको थियो । न्याय परिषद्का सचिव श्री काशीराज दाहालको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सभापतिको आसनबाट श्री दाहालले न्यायपालिकीय स्वच्छतामा कर्मचारीहरुको भूमिका पनि महत्वपूर्ण हुने भएको तथा न्यायपालिकामा स्वच्छता कायम कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रस्तुत कार्यक्रमले कर्मचारीहरुका बीच बृहत छलफल भई ठोस निष्कर्षमा पुग्न सकिने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री उदय नेपाली श्रेष्ठ, सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीप्रसाद पण्डित र नायव महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मीले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । न्याय परिषद्का सह-सचिव श्री प्रकाश कुमार ढुङ्गानाले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्नुभएको उक्त कार्यक्रममा नेपाल न्याय सेवाका राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका ४५ जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा मूलत:- निष्कर्ष तथा सुझावहरु निम्नानुसार प्रस्तुत भएका थिए ।

- स्वच्छ र प्रभावकारी न्याय प्रशासनका लागि अदालतहरुबाट भएका महत्वपूर्ण फैसलाहरुलाई सर्वसुलभ बनाउन सूचना प्रविधि प्रणालीमा लैजानुपर्ने ।
- स्वच्छ न्याय प्रशासनका लागि सम्बद्ध सबैको संस्थागत एवं व्यक्तिगत प्रवृत्तिमा सुधार हुनुपर्ने र देवानी तथा फौज्दारी कार्यविधि संहिता र कार्यविधि दिग्दर्शन यथाशिघ्र लागू हुनुपर्ने
- न्याय सेवाका कर्मचारीहरुको लागि छुट्टै सेवा, शर्त र सुविधा सम्बन्धी कानुनी व्यवस्था हुनु पर्ने आदि ।

(विस्तृत विवरण सुशासन एवम् स्वच्छ न्याय प्रशासन र क्षमता विकास सम्बन्धी कार्यक्रमको प्रतिवेदन २०६० मा प्रकाशित भएको छ ।)

## विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन

- न्याय सेवा आयोगको मिति २०६०।५।१० को निर्णयले नेपाल न्याय सेवा सरकारी वकिल समूह राजपत्राङ्कित प्रथम श्रेणीमा रिक्त ३ पदहरु कार्यक्षमताको मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्न विज्ञापन गरियो ।
- न्याय सेवा आयोगद्वारा नेपाल न्याय सेवा अन्तर्गत न्याय र सरकारी वकिल समूहमा रिक्त रहेका राजपत्राङ्कित द्वितीय श्रेणीका क्रमश: दुई र एक पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा २०६० साल मंसीर १ देखि ४ गतेसम्म उक्त दुवै समूहका परीक्षाहरु सञ्चालन गरियो ।

## स्वागत र विदाई कार्यक्रम










- न्याय परिषद् सचिवालयले २०५९।९।३ गते नवनियुक्त सम्माननीय प्रधान्यायाधीश एवं न्याय परिषद् तथा न्याय सेवा आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायको स्वागत तथा निवर्तमान सम्माननीय प्रधान न्यायाधीश एवं न्याय परिषद् तथा न्याय सेवा आयोगका अध्यक्ष श्री केशव प्रसाद उपाध्यायको विदाईका निमित्त एक समारोहको आयोजना गरेको थियो । उक्त कार्यक्रममा निवर्तमान प्रधानन्यायाधीश श्री उपाध्यायाको सुखमय निवृत्त जीवनको लागि शुभकामना व्यक्त गर्दै सचिवालयको तर्फबाट संझना स्वरुप ताराको प्रतिमा उपहार प्रदान गरिएको थियो । सोही अवसरमा न्याय परिषद्का सदस्य पदबाट स्वेच्छिक अवकाश लिई सेवा निवृत्त हुनु भएका श्री कृष्णजङ्ग रायमाझीलाई सुखमय निवृत्त जीवनको लागि शुभकामना व्यक्त गर्दै सचिवालयको तर्फबाट पशुपतिनाथको मन्दिर अंकित प्रतिमा उपहार प्रदान गरिएको थियो । सो कार्यक्रममा प्रतिनिधि सभाका सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, न्याय मन्त्री, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, संवैधानिक अंगका प्रमुख तथा पदाधिकारीहरु, पूर्वप्रधानन्यायाधीशहरु लगायत न्याय सेवाका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा न्याय परिषद् सचिवालयद्वारा प्रकाशित न्याय परिषद् बुलेटिनको दोस्रो अंक पनि वितरण गरिएको थियो । सर्वोच्च अदालतका माननीय न्यायाधीश एवम् न्याय परिषद्का पदेन सदस्य श्री अरविन्दनाथ आचार्य २०६० वैशाख १४ गते ६५ वर्ष उमेर पूरा गरि सेवाबाट निवृत्त हुनुभयो । सेवा निवृत्त सदस्यको विदाईमा न्याय परिषद् सचिवालयले २०६० साल वैशाख १२ गते शुक्रबार सचिवालयमा एक विदाई कार्यक्रमको आयोजना गरेको थियो । उक्त विदाई कार्यक्रममा न्याय परिषद्का अध्यक्ष श्री केदारनाथ उपाध्यायले सेवा निवृत्त सदस्य श्री अरविन्दनाथ आचार्यलाई न्याय परिषद् सचिवालयको तर्फबाट बुद्ध स्तूपको शोल्पाकार प्रतिमा उपहार प्रदान गरिएको थियो भने सेवा निवृत्त सदस्य श्री आचार्यले विदाई कार्यक्रम आयोजना गरेकोमा सचिवालयलाई धन्यवाद दिँदै न्याय परिषद्को सदस्यको रुपमा आफ्नो कार्यकाल सन्तोषजनक भएको प्रतिक्रिया व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा न्याय परिषद्का सचिव श्री काशीराज दाहालले सचिवालयको तर्फबाट श्री आचार्यको योगदानको बारेमा चर्चा गर्दै सुखमय निवृत्त जीवनको कामनाका साथ सोही अवसरमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरि प्रसाद शर्मालाई न्याय परिषद्का सदस्यको रुपमा स्वागत गर्नु भएको थियो । उक्त कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्ष, न्याय परिषद्का माननीय सदस्यहरु, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, सम्माननीय महान्यायाधिवक्ता, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, नेपाल बार एशोसिएसनका अध्यक्ष, त्रि.वि.वि.कानून संकायका डीन, सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष तथा न्याय परिषद् र सर्वोच्च अदालतका अधिकृतहरुको उपस्थिति रहेको थियो ।
- कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री उदय नेपाली श्रेष्ठ २०६०।४।२० बाट पदावधि पूरा भई अवकाश हुनुभएकोले न्याय परिषद् सचिवालयले उक्त दिन एक विदाई कार्यक्रमको आयोजना गरेको थियो । सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषद्का अध्यक्षज्यूको कार्यकक्षमा आयोजित उक्त विदाई कार्यक्रममा का.मु. प्रधान न्यायाधीश श्री

गोविन्द बहादुर श्रेष्ठ, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, महान्यायाधिवक्ता, नेपाल कानून सुधार आयोगका अध्यक्ष, त्रिभुवन विश्वविद्यालय, कानून संकायका डीन, नेपाल बार एशोसिएसन तथा सर्वोच्च अदालत बार एशोसिएसनका पदाधिकारीहरु,न्याय परिषद्का सचिव लगायतनेपाल न्याय सेवाका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति थियो । उक्त कार्यक्रममा का.मु. प्रधान न्यायाधीश एवं न्याय परिषद्का अध्यक्ष श्री गोविन्द बहादुर श्रेष्ठले सेवा निवृत्त सचिव श्री उदय नेपाली श्रेष्ठलाई भादगाँउले टोपी लगाई विदाई गर्नु भएको थियो । विदाई कार्यक्रममा न्याय परिषद्का सचिव श्री काशीराज दाहालले विदाई हुन लाग्नुभएका सचिव श्री श्रेष्ठले नेपाल न्याय सेवामा पुऱ्याउनुभएको योगदानको विषयमा चर्चा गर्नुभएको थियो भने सेवा निवृत्त सचिव श्री श्रेष्ठले आफ्नो कार्यकालमा नेपाल न्याय सेवाबाट पाएको आत्मीयता र हार्दिकताको चर्चा गर्दै विदाई कार्यक्रम आयोजना गर्नुभएकोमा न्याय परिषद् सचिवालयलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## न्याय परिषद्का प्रकाशनहरु

- न्याय परिषद् सचिवालयद्वारा प्रकाशित *न्याय परिषद् बुलेटिन, अंक -२, २०५९* साल पौष ३ गते सार्वजनिक गरियो । त्यस्तै न्याय परिषद् सचिवालयद्वारा आयोजित न्यायाधीशहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु एवं जिल्ला न्यायाधीशहरुको राष्ट्रिय सम्मेलनको प्रतिवेदन *सुशासन एवं स्वच्छ न्याय प्रशासन र क्षमता विकास सम्बन्धी कार्यक्रमको प्रतिवेदन, २०६०* र *जिल्ला न्यायाधीशहरुको संक्षिप्त वैयक्तिक विवरण, २०६०* आश्विन महिनामा प्रकाशित गरिएको छ । यस अघि न्याय परिषद् बुलेटिन अंक-१, क्षमता विकास सम्बन्धी प्रतिवेदन, २०५८ र क्षमता विकास सम्बन्धी प्रतिवेदन, २०५९ प्रकाशित भई सकेका छन् ।

## न्याय परिषद्को बेरुजू शून्यको अवस्थामा

- न्याय परिषद् सचिवालयको नाममा आर्थिक वर्ष ०५०/०५१ देखि रहदै आएका बेरुजुहरु औचित्यको पुष्ट्याँई र प्रमाण कागजातहरुको आधारमा महालेखा परीक्षकको विभागबाट संपरीक्षण भई सत प्रतिशत बेरुजु फछ्र्यौट हुन गई हाल न्याय परिषद् सचिवालय बेरुजू शून्यको अवस्थामा पुगेको छ ।

## नयाँ भवनमा न्याय परिषद् सचिवालय

- न्याय परिषद् सचिवालय २०६० साल वैशाख ३ गतेबाट सर्वोच्च अदालत परिसर भित्र दक्षिणतर्फको नवनिर्मित भवनमा सरि सोही कार्यालयमा बैठक बसी आफ्नो कार्यसञ्चालन गर्न थालेको छ । सो दिन न्याय परिषद्को बैठक पनि नवनिर्मित भवनको बैठक कक्षमा भयो । उक्त शुभ अवसरमा न्याय परिषद् सचिवालयले एक जलपान कार्यक्रमको आयोजना गरेको थियो । उक्त जलपान कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश एवं न्याय परिषद्का अध्यक्ष श्री केदारनाथ उपाध्याय, न्याय परिषद्का माननीय सदस्यज्यूहरु, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, महान्यायाधिवक्ताका साथै नेपाल न्याय सेवाका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

## विभूषण र सुशोभन

- श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको ५७ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा २०६० साल आषाढ २३ गते सम्माननीय अध्यक्ष श्री केदारनाथ उपाध्यायलाई सुप्रसिद्ध प्रवल गोरखा दक्षिणबाहु प्रथम, न्याय परिषद्का सम्माननीय कानूनविद् सदस्य श्री कृष्ण प्रसाद घिमिरे गौरवमय सुप्रदिप्त वीरेन्द्रप्रजातन्त्रभाष्कर, न्याय परिषद्का माननीय सदस्य श्री गोविन्द बहादुर श्रेष्ठ र न्याय परिषद्का निवृत्त माननीय सदस्य श्री अरविन्दनाथ आचार्यलाई गोरखा दक्षिणबाहु दोश्रा र न्याय परिषद्का सचिव श्री काशीराज दाहाललाई सुप्रदिप्त वीरेन्द्रप्रजातन्त्रभाष्कर प्रदान गरिबक्स्यो । मौसूफबाट विभूषण पाउनु हुने महानुभावहरुलाई २०६० साल मंसीर ५ गते सुशोभन गरिबक्सियो ।

## अफ्रो-एशियाली सम्मेलनमा सहभागीता

- एशियाली अफ्रिकी कानून परामर्श दातृ संगठनको गणतन्त्र कोरियाको राजधानी सिउलमा सन् २००३ को जुन १६ देखि एक हप्ता सम्म आयोजित बयालीसौं अधिवेशनमा नेपाली प्रतिनिधिमण्डलमा विशेषज्ञ (सल्लाहकार) को रुपमा समावेश भई भाग लिन श्री ५ को सरकारको निर्णयानुसार न्याय परिषद्का सचिव श्री काशीराज दाहाल त्यस तर्फ जानु भयो । सो प्रतिनिधि मण्डलमा श्री ५ को सरकारको तर्फबाट प्रतिनिधित्व गर्दै कानून सचिव श्री उदय नेपाली श्रेष्ठ र सो मन्त्रालयका उप-सचिव श्री डिल्ली राज घिमिरे त्यसतर्फ जानुभएको थियो । सदस्य मुलुकका मन्त्रीहरु तथा उच्चस्तरीय अधिकृतहरुको सहभागीता रहेको सो अधिवेशनमा अन्तरराष्ट्रिय कानूनका विभिन्न पक्षहरु एवं न्यायपालिका सम्बन्धी विषयहरु छलफलमा प्रस्तुत गरिएका थिए । यसैगरी स्वच्छ न्याय प्रशासनका सम्बन्धमा न्याय परिषद्को भूमिकाका सम्बन्धमा समेत नेपाली प्रतिनिधी मण्डलले बैठकमा प्रस्तुत गऱ्यो । सन् १९५६ मा स्थापना भएको यस संगठनले सामुद्रिक कानून, शरणार्थी सम्बन्धी कानून, मानव अधिकार, अन्तराष्ट्रिय फौज्दारी कानून र भ्रष्टाचार निवारण जस्ता महत्वपूर्ण विषयहरुमा छलफल गरि सदस्य राष्ट्रहरुलाई सो को कार्यान्वयनको लागि सुझाव दिदै आएको छ । सन् १९८५ मा सो संगठनको अधिवेशन नेपालमा भएको थियो । सिउलमा सम्पन्न ४२ औं अधिवेशनमा नेपाल लगायत ४६ सदस्य राष्ट्रहरुको सहभागी थियो भने पर्यवेक्षकको रुपमा अमेरिका र यूरोपका विभिन्न मुलुकहरु र संयुक्त राष्ट्रसंघीय विभिन्न निकायहरुको समेत सहभागीता रहेको थियो ।



(दक्षिण कोरियाको सिउल सम्मेलनमा सहभागी हुनु हुँदै न्याय परिषद्का सचिव तथा अन्य सहभागीहरु)

- न्याय परिषद् सचिवालयका शाखा अधिकृत श्री उमेश प्रसाद लुईटेल संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट संयुक्त रुपमा सञ्चालित Strenthening the Rule of Law Program अन्तर्गत २०६० साल जेठ १८ देखि ३१ गतेसम्म फिलिपिन्सको मनिलामा सञ्चालित Legislative & Treaty Drafting सम्बन्धी तालीममा भाग लिनु भयो ।

## तालीम तथा अन्तरक्रिया कार्यक्रममा सहभागिता

- कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा गठित न्याय प्रशासनसंग सम्बन्धित सुझाव कार्यान्वयन समितिको सदस्यमा यस सचिवालयका सह-सचिव श्री प्रकाश कुमार ढुङ्गाना तोकिनु भएकोमा सो समितिद्वारा सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री सूर्य बहादुर थापा समक्ष २०६० साल श्रावण २० गते आफ्नो सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्‍यो ।
- लोक सेवा आयोगद्वारा संचालन हुने नेपाल न्याय सेवा न्याय समूहका रा.प.तृ. शाखा अधिकृत पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको विद्यमान पाठ्यक्रम परिमार्जन गरी समसामयिक बनाउने सन्दर्भमा आयोग समक्ष परिमार्जित पाठ्यक्रम प्रस्तुत गर्न सो आयोगले यस सचिवालयका सह-सचिव श्री प्रकाश कुमार ढुङ्गाना समेत रहनु भएको एक कार्यदल गठन गरेको छ ।
- यस सचिवालयका सह-सचिव श्री प्रकाश कुमार ढुङ्गाना महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, चेलीबेटी बेचबिखन तथा ओसारपसार विरुद्ध संयुक्त कार्यक्रम र प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजनामा मिति २०६० मंसीर ८ र ९ गते प्रतिष्ठानको भवनमा सम्पन्न न्याय सम्पादनमा सम्लग्न विभिन्न निकायमा कार्यरत उच्च तहका पदाधिकारीहरुका निमित्त "Enhancing Capacity of Senior Officials on Legislation and Enforcement Against Trafficking" विषयक कार्यशाला गोष्ठीमा सहभागी हुनु भयो ।
- यस सचिवालयका उप-सचिव श्री कैलाश के.सी. न्याय मञ्चद्वारा २०६० साल कार्तिक ४ देखि ६ गतेसम्म ललितपुरमा आयोजित ***वातावरणीय न्याय र समन्याय*** विषयक तीन दिने अन्तरक्रिया कार्यक्रममा सहभागी हुनु भयो ।
- यस सचिवालयका शाखा अधिकृत श्री दुर्गा प्रसाद ढुङ्गेल मानव अधिकार आयोगद्वारा नोभेम्बर ३ देखि ९ , २००३ मा आयोजित "Intensive Training for Trainers on the Investigation and Monitoring on the Violation of Human Rights" विषयक ५ दिवसीय तालीम कार्यक्रममा सहभागी हुनु भयो ।
- यस सचिवालयका शाखा अधिकृत श्री मनोज के.सी. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त आयोजनामा २०६० साल कार्तिक ४ गते देखि ७ गतेसम्म धुलिखेलमा सञ्चालित "Legislative Drafting" विषयक चार दिवसीय तालीम कार्यक्रममा सहभागी हुनु भयो ।

## श्री ५ को सरकार समक्ष माग

- न्याय परिषद्को भूमिकालाई अझ प्रभावकारी तुल्याउन न्याय परिषद् सचिवालयमा निम्नानुसार सुधार हुनको लागि श्री ५ को सरकार समक्ष माग गरिएको छ :-
  - न्याय परिषद् सचिवालयमा पर्याप्त जनशक्तिको व्यवस्था हुनु पर्दछ, सचिवालयको हालको न्यून जनशक्तिबाट अपेक्षित लक्ष्य हासिल गर्न खोज्नु निश्चय नै चुनौतीपूर्ण कार्य हो । न्याय परिषद् सचिवालय भित्र विभिन्न महाशाखाको संरचना सहितको दरबन्दी न्याय परिषद्को निर्णयानुसार माग भई गएकोले औचित्य र आवश्यकताको आधारमा आवश्यक दरबन्दी थप हुनुपर्ने ।
  - सूचना प्रविधिका क्षेत्रमा विकसित नवीनतम् अवधारणाहरुलाई हाम्रो न्यायिक व्यवहारमा पनि उपयोग गर्दै कम्प्यूटर, एन्टरनेट, ईमेल जस्ता सूचना प्रविधिहरुको प्रभावकारी सुविधा सचिवालयमा पनि उपलब्ध गराउनु पर्ने ।
  - न्याय प्रशासन तथा न्यायिक जनशक्ति एवं न्याय सेवाका कर्मचारीहरुको केन्द्रीय कर्मचारी निकाय (Central Personel Agency) को रुपमा रहेको न्याय परिषद्लाई अनुसन्धानमूलक संस्थाको रुपमा समेत विकसित गर्न आवश्यक भौतिक पूर्वाधारहरु एवं आधुनिक पुस्तकालयको व्यवस्था गरिनु पर्ने ।

# खण्ड–ख

# रेन/नियम

# न्याय परिषद् ऐन, २०४७

लालमोहर र प्रकाशन मिति
२०४७/१२/२७

**संशोधन गर्ने ऐन**

न्याय परिषद् पहिलो संशोधन ऐन, २०५० २०५०/७/४
अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी
केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ २०५९/५/२७

२०४७ सालको ऐन नं २७

## न्याय परिषद्को अधिकार र कर्तव्य सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** न्याय परिषद्को अधिकार र कर्तव्य सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "न्याय परिषद् ऐन, २०४७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा ९३ बमोजिम गठन भएको न्याय परिषद् सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

(ङ) "जाँचबुझ समिति" भन्नाले संविधानको धारा ९१ को उपधारा (३) बमोजिम गठन हुने जाँचबुझ समिति सम्झनु पर्छ।

३. **अभिलेख तयार गर्ने:** (१) परिषद्ले संविधान र अन्य कानून बमोजिम विभिन्न तहको न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुग्ने व्यक्तिहरुको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख तयार गर्ने काममा सर्वोच्च अदालत, कानून तथा न्याय मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय लगायत सम्बन्धित सबैले परिषद्लाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(३) सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरुको कार्यसम्पादन निरीक्षण प्रतिवेदन र सेवा सम्बन्धी अन्य विवरण तथा नेपाल न्याय सेवाका अधिकृतहरुको कार्य सम्पादन तथा सेवा सम्बन्धी अन्य विवरण, सम्बन्धित अदालत वा कार्यालयहरुबाट झिकाई उपदफा (१) बमोजिम तयार हुने अभिलेख साथ राख्नु पर्नेछ।

(४) यस दफा बमोजिम तयार हुने अभिलेख गोप्य हुनेछ र परिषद्को सचिवको जिम्मामा रहनेछ। सो अभिलेख परिषद्को आदेशले बाहेक अरु कसैलाई प्रकट गर्नु हुँदैन।

तर संविधानको धारा ८७ को उपधारा (८) र धारा ९१ को उपधारा (३) बमोजिम गठित जाँचबुझ समितिलाई आवश्यक पर्ने अभिलेख उपलब्ध गराउन यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

४. **नियुक्तिको लागि सिफारिश गर्दा अपनाउनु पर्ने कार्यविधि:** (१) कुनै व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा परिषद्ले देहायको कुराहरुको अतिरिक्त सिफारिश गर्नु पर्ने अन्य कारण र आधार समेत प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ :-

(क) संविधान र अन्य कानून बमोजिम न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेको।

(ख) वरिष्ठता, अनुभव, विषय वस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारीता, निष्पक्षता र नैतिक आचरण इत्यादि कुराहरुको दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको।

(२) परिषद्ले जिल्ला न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा, पुनरावेदन अदालतको न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पदमा र पुनरावेदन अदालत मुख्य न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि देहायको कुराहरुको समेत विचार गर्नु पर्नेछ :-

(क) सर्वोच्च अदालत वा पुनरावेदन अदालतले आफ्ना मातहतका अदालतहरुको आवधिक वा आकस्मिक निरीक्षण गरी सर्वोच्च अदालतमा पेश गरेको प्रतिवेदनमा निजको सम्बन्धमा उल्लेख भएका कुराहरु,

(ख) निजको नोकरी विवरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन, र

(ग) पुनरावेदन सुन्ने न्यायाधीशले निजको फैसलाको सम्बन्धमा कुनै टिप्पणी गरेको रहेछ भने सो टिप्पणीको व्यहोरा।

(३) परिषद्ले नेपाल न्याय सेवाको कुनै अधिकृतलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि निजको नोकरी विवरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन उपर समेत विचार गर्नु पर्नेछ।

(४) परिषद्ले न्यायाधीश वा नेपाल न्याय सेवाका अधिकृत बाहेक अन्य कुनै कानून व्यवसायी वा कानून वा न्यायको क्षेत्रमा काम गरेको व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित व्यवसाय वा काममा निजको प्रतिष्ठा र निज प्रतिको जनभावना जस्ता कुराहरु र निजको अघिल्लो सेवा सम्बन्धी कुनै विवरण भए सो समेत विचार गर्नु पर्नेछ।

४क.# **न्यायाधीशको कार्य क्षमता वा आचरणको मूल्याङ्कन गर्ने आधार:**

(१) संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनको लागि न्यायाधीशको कार्यक्षमता वा आचरणको मूल्यांकन गर्दा अन्य कुराहरुका अतिरिक्त उपदफा (२), (३) र (४) मा उल्लेख भएका कुराहरुमा समेत विचार गरी मूल्यांकन गरिनेछ ।

(२) देहायको अवस्थामा न्यायाधीशमा कार्य क्षमताको अभाव रहेको मानिनेछ :-

(क) कुनै उचित कारण विना कानूनद्वारा निर्धारित समयभित्र मुद्दाको कारवाई वा निर्णय नगरेको,

(ख) मुद्दामा एकै पटक गर्नु पर्ने वा गर्न सकिने आदेश वा निर्णयहरु एकै पटक नगरी वा अनावश्यक, असान्दर्भिक वा कानून प्रतिकूल कारवाई वा निर्णय गरी मुद्दालाई अनुचित किसिमबाट लम्ब्याएको,

(ग) न्यायाधीशले मुद्दा मामिलाको कारवाही र निर्णय गर्ने सन्दर्भमा परिषद्ले तोकेको कामको मात्राभन्दा धेरै कम मात्रामा कार्य सम्पादन गरेको,

(घ) मुद्दाको कारवाई वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको,

(ङ) एउटै कानूनी प्रश्नमा भिन्न भिन्न मुद्दामा भिन्न भिन्न राय कायम गरी कारवाही वा निर्णय गरेको,

तर पहिले कुनै मुद्दामा व्यक्त भएको आफ्नो राय त्रुटिपूर्ण छ भन्ने लागि त्यसको आधार र कारण उल्लेख गरी न्यायाधीशले आफ्नो रायमा परिवर्तन गरेकोमा यो खण्ड लागू हुने छैन ।

(च) कानून बमोजिम मुलतवी राख्न नपर्ने मुद्दा मुलतवी राखी वा मुलतवी रहेको मुद्दा कानून बमोजिम जगाउनु पर्नेमा नजगाई सो मुद्दाको कारवाही वा निर्णय अनावश्यक रुपमा ढिलो हुने अवस्था सृजना गराएको,

(छ) काम वा कारण नजनाई तारिख तोकी अनावश्यक रुपमा मुद्दाका पक्षलाई अदालतमा उपस्थित गराउने गरेको वा कुनै उचित कारण विना तोकिएको तारिखमा तोकिएको काम नगरी पन्छाउने गरेको,

(ज) मुद्दामा प्रमाण बुझ्ने आदेश गर्दा मुद्दाका पक्षहरुको मुख मिलेको र मुख नमिली ठहर गर्नु पर्ने देखिएको तथ्य वा प्रश्नहरु के के हुन् र कुन कुन प्रमाणहरु बुझ्नु पर्ने देखिन्छन् भन्ने कुराहरु नखुलाई केवल प्रमाण बुझ्ने भनी आदेश गरेको,

(झ) सर्वोच्च अदालतबाट स्थापित नजीर वा प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल निर्णय गरेको ।

तर उस्तै कानूनी प्रश्नमा भिन्न भिन्न मुद्दाहरुमा भिन्न भिन्न इजलासहरुबाट भिन्न भिन्न निर्णय वा व्याख्या भै सर्वोच्च अदालतद्वारा स्थापित नजीर वा प्रतिपादित कानूनी सिद्धान्तमा एकरुपता वा निश्चितता कायम भै नसकेकोमा यो खण्ड लागू हुने छैन ।

(३) देहायको अवस्थामा न्यायाधीशले आफ्नो पदीय कर्तव्यको इमान्दारीपूर्वक पालन नगरेको मानिनेछ :-

(क) मुद्दालाई पन्छाउने, लम्ब्याउने वा अनुचित रुपमा प्रभावित गर्ने मनसायले उपदफा (२) को खण्ड (क) देखि (झ) सम्ममा उल्लिखित कुनै कुरा जानी जानी गरेको,

(ख) कुनै उचित कारण विना निर्धारित समयमा इजलासमा नबस्ने गरेको वा पर्याप्त समय हुँदा हुँदै पनि मुद्दाको सुनवाई नगरी पन्छाउने गरेको,

(ग) कुनै उचित कारण विना कानूनद्वारा निर्धारित समय भित्र फैसला वा आदेश नलेखी ढिला सुस्ती गर्ने गरेको,

(घ) बिदा दिने अधिकारीबाट बिदा स्वीकृत नगराई वा त्यस्तो अधिकारीसँग पूर्व अनुमति नलिई अदालतबाट अनुपस्थित हुने गरेको, वा

(ङ) माथिल्लो तहको अदालतले दिएको आदेश वा प्रशासकीय काम कुराको सम्बन्धमा प्रधान न्यायाधीश वा मुख्य न्यायाधीश वा अदालतको प्रशासन चलाउने न्यायाधीशले दिएको निर्देशनको पालन नगरेको वा गर्न आलटाल गरेको ।

(४) देहायको अवस्थामा न्यायाधीशको आचरण खराब भएको मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहरिने कुनै काम गरेमा,

(ख) लागू औषधको सेवन गर्ने गरेमा,

(ग) अदालतको समयमा मादक पदार्थको सेवन गर्ने गरेमा,

(घ) सार्वजनिक स्थल वा समारोहमा पदीय मर्यादा विपरीत अशिष्ट वा उच्छृंखल व्यवहार गर्ने गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

तर कानून बमोजिम मताधिकारको प्रयोग गर्न कुनै बन्देज लगाएको मानिने छैन ।

(च) राजनैतिक वा अन्य कुनै किसिमको अनुचित प्रभावमा परी कानून बमोजिम गर्न नहुने कुनै कारबाही वा निर्णय गरेमा वा गर्नु पर्ने कुनै कारबाही वा निर्णय नगरेमा,

(छ) अदालतको सम्पत्ति वा आफूलाई प्राप्त कुनै सुविधाको जानी जानी दुरुपयोग गरेमा,

(ज) इजलासमा बस्दा अदालतको मर्यादा भङ्ग हुने गरी पदीय अनुशासनको प्रतिकूल कुनै अशोभनीय आचरण गरेमा, वा

(झ) नैतिकपतन देखिने कुनै फौजदारी कसूर गरेमा ।

(५) उपदफा (२), (३) र (४) मा उल्लिखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाही चलाउन सक्नेछ ।

तर खराब आचरणको अभियोगमा कारवाई चलाउनको लागि यस उपदफा बमोजिम सचेत गराउन आवश्यक हुने छैन । परिषद्ले उचित वा आवश्यक सम्झेमा त्यस्तो अभियोगमा संविधान र यस ऐन बमोजिम सोझै कारवाई चलाउन सक्नेछ ।

---

# पहिलो संशोधनद्वारा थप ।

φ४ख. **मुख्य न्यायाधीशले निरीक्षण र मूल्याङ्कन प्रतिवेदन पठाउनु पर्ने:** (१) पुनरावेदन अदालतको मुख्य न्यायाधीशले पुनरावेदन अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको काम कारवाहीको सम्बन्धमा निरीक्षण गरी मूल्याङ्कन प्रतिवेदन तथा मातहत अदालतको न्यायिक गतिविधि समेतको जानकारी न्याय परिषद् सचिवालयमा पठाउनु पर्नेछ । यस्तो प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहाय बमोजिमका कुराहरु उल्लेख हुनु पर्नेछ :-

(क) सम्बन्धित न्यायाधीशलाई खटाइएको स्थानमा रहेको वार्षिक रुजु हाजीरीको विवरण,

ख) वर्ष भरीमा सम्बन्धित अदालतमा रहेको मुद्दाको अनुपातमा न्यायधीशले गरेको फैसला,

ग) सम्बन्धित न्यायाधीशले गरेको फैसला माथिल्लो अदालतबाट उल्टी भएकोमा सो को विवरण,

घ) अदालत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य काम कारवाहीहरु ।

२) परिषद्ले उपदफा (१) बमोजिम मुख्य न्यायाधीशको प्रतिवेदन समेतलाई न्यायाधीशको मूल्याङ्कन र कारवाहीको आधार बनाउनेछ ।

५. **प्रारम्भिक जाँचबुझ गराउन सक्ने:** #(१) संविधान र यस ऐन बमोजिम कुनै न्यायाधीश उपर कारवाही चलाउने माग गरी कुनै उजुरी वा प्रतिवेदन परेमा वा त्यस्तो कारवाही चलाउने अवस्था विद्यमान भएको कुरा अन्य स्रोतबाट थाहा हुन आएमा संविधानको धारा ९१ को उपधारा (३) बमोजिम न्यायाधीश विरुद्ध लागेको त्यस्तो आरोपको जाँचबुझ गर्नको लागि जाँचबुझ समिति गठन गर्नु भन्दा अघि आवश्यकतानुसार अध्यक्ष, सदस्य वा पुनरावेदन अदालतको न्यायाधीशद्वारा प्रारम्भिक जाँचबुझ गराउने गरी परिषद्ले अधिकार दिन सक्नेछ । त्यस्तो प्रारम्भिक जाँचबुझ गर्ने अध्यक्ष, सदस्य वा पुनरावेदन अदालतको न्यायाधीशले आफ्नो प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने प्रारम्भिक जाँचबुझको काम साधारणतया गोप्य हुनेछ र प्रारम्भिक जाँचबुझ गर्ने व्यक्तिले आवश्यकतानुसार आरोप लागेको न्यायाधीश वा अन्य सम्बन्धित व्यक्तिसँग सोधपूछ गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक जाँचबुझबाट न्यायाधीश विरुद्धको आरोप तथ्यहीन देखिएमा परिषद्ले त्यस्तो कारवाईलाई तामेलीमा राख्न सक्नेछ ।

६. **जाँचबुझ समिति गठन:** (१) दफा ५ बमोजिम भएको प्रारम्भिक जाँचबुझबाट वा त्यस्तो जाँचबुझ नगराएको भए पनि परिपद्ले संविधानको धारा ९१ को उपधारा (३) बमोजिम कुनै न्यायाधीशको विरुद्ध लागेको आरोपमा जाँचबुझ समितिबाट जाँचबुझ गराउनु पर्ने देखेमा परिषद्ले जाँचबुझ समिति गठन गर्नेछ र त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) जाँचबुझ समितिले नेपाल अधिराज्यभित्र जहाँसुकै आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

(३) जाँचबुझ समितिको लागि आवश्यक पर्ने कर्मचारी र साधन सर्वोच्च अदालतले उपलब्ध गराउने छ ।

(४) जाँचबुझ समितिको सचिवको काम परिषद्को सचिवले गर्नेछ ।

तर जाँचबुझ समितिको सचिवको रुपमा काम गर्न परिषद्ले आवश्यकतानुसार नेपाल न्याय सेवाका कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

७. **जाँचबुझ समितिको कार्यविधि र अधिकार:** (१) जाँचबुझ समितिले आरोप लागेको न्यायाधीशलाई सूचना दिने, सूचना तामेल गर्ने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार र आरोपको तहकिकात र अनुसन्धानको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत विशेष प्रहरी अधिकृतलाई भएको अधिकारको समेत प्रयोग गर्न सक्नेछ ।

(२) जाँचबुझ समितिले जाँचबुझको कार्य सम्पन्न गर्नको लागि आरोप लागेको न्यायाधीशको अतिरिक्त अरु जुनसुकै व्यक्तिलाई पनि आफू समक्ष उपस्थित गराई बुझ्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत हुने जाँचबुझको कारवाही गोप्य हुनेछ । जाँचबुझको कारवाई भएको ठाउँमा जाँचबुझ समितिले आरोप लागेको न्यायाधीश, कानून व्यवसायी तथा उजुरीबाट कारवाई चलेकोमा उजूरवाला बाहेक अरु कुनै व्यक्तिलाई उपस्थित हुने वा कारवाहीमा भाग लिने अनुमति दिने छैन ।

(४) यस दफा अन्तर्गत जाँचबुझको सन्दर्भमा जारी भएको आदेशको अवहेलना गर्ने वा जाँचबुझको कारवाहीमा बाधा पुऱ्याउने व्यक्तिलाई जाँचबुझ समितिले तीन हजार रुपैयाँसम्म जरीवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

तर त्यस्तो काम जानाजान नभएको भन्ने विश्वास लाग्ने कारण देखाई माफी मागेमा जाँचबुझ समितिले निजलाई भएको सजाय माफ गर्न सक्नेछ ।

(५) जाँचबुझको कार्य समाप्त भएपछि जाँचबुझ समितिले आफ्नो राय सहित जाँचबुझको प्रतिवेदन परिषद्लाई दिनु पर्नेछ र तत्सम्बन्धी सबै मिसिल र कागजात परिषद्को कार्यालयमा बुझाउनु पर्नेछ ।

८. **सफाईको मौका दिने:** (१) दफा ७ को उपदफा (५) बमोजिम पेश भएको जाँचबुझको प्रतिवेदन र मिसिल कागजातबाट आरोप लागेको न्यायाधीशलाई संविधान वा अन्य कानून बमोजिम सजाय हुनु पर्ने देखिएमा परिषद्ले आरोप लागेको न्यायाधीशलाई कारण र आधार खोली स्पष्टीकरण प्रस्तुत गर्न मुनासिब समय दिई सूचना दिनु पर्नेछ । सो म्याद भित्र निजले कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा संविधानको धारा ९१ को उपधारा (३) बमोजिम परिषद्ले आफ्नो सिफारिश श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्नेछ ।

(२) जाँचबुझ को प्रतिवेदन वा आरोप लागेको न्यायाधीशले उपदफा (१) अन्तर्गत पेश गरेको स्पष्टीकरणबाट निज उपरको आरोप तथ्यहीन देखिएमा परिषद्ले निज उपरको कारवाहीलाई तामेलीमा राख्न सक्नेछ ।

९. **पदीय कर्तव्य पालन गर्नबाट रोक लगाउन सकिने:** (१) संविधानको धारा ९१ को उपधारा (३) बमोजिमको आरोपको जाँचबुझ गर्न जाँचबुझ समिति गठन गरिएमा जाँचबुझको काम समाप्त नभएसम्म सार्वजनिक हितको निमित्त आरोप लागेको न्यायाधीशलाई निजको कर्तव्य पालन गर्नबाट रोक लगाउनु पर्ने भन्ने कुरा परिषद्लाई

---

φ अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा थप ।

# पहिलो संशोधनद्वारा संशोधित ।

लागेमा परिषद्ले सो व्यहोराको प्रतिवेदन श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्नु पर्नेछ ।

(२) श्री ५ महाराजाधिराजबाट उपदफा (१) बमोजिमको प्रतिवेदनमा स्वीकृति बक्सेमा परिषद्ले त्यसको सूचना आरोप लागेको न्यायाधीशलाई दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त हुन आएपछि आरोप लागेको न्यायाधीशले आफ्नो पदको कार्य गर्न पाउने छैन ।

ᴪ९क. **भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउने अधिकारी:** प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहर्ने कुनै अभियोग लगाएर कुनै न्यायाधीश उपर मुद्दा चलाउनु पर्ने भएमा परिषद्ले तोके अनुसार परिषद्को सचिव वा अन्य कुनै अधिकृतबाट सम्बन्धित पुनरावेदन अदालतमा उजुरी वा प्रतिवेदन पेश गरी मुद्दा चलाइनेछ । यस्तो मुद्दाको कारबाही गर्दा पुनरावेदन अदालतले शुरु अदालतको अधिकार प्रयोग गर्न र उपयुक्त कार्यविधि अपनाउन सक्नेछ ।

१०. **मुद्दा दायर भएमा स्वत: निलम्बन हुने:** (१) कुनै न्यायाधीश उपर खराब आचरणको आधारमा प्रचलित कानून बमोजिम मुद्दा दायर गरिएमा मुद्दा दायर भएको मितिदेखि त्यस्तो न्यायाधीश आफ्नो पदबाट स्वत: निलम्बन भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम दायर भएको मुद्दामा त्यस्तो न्यायाधीशले सफाई पाएमा सफाई पाएको मितिबाट निजको निलम्बन स्वत: समाप्त हुनेछ ।

११. **न्यायाधीशहरुको सरुवा तथा काज:** (१) साधारणतया सुगम क्षेत्रको अदालतमा तीन वर्ष र दुर्गम क्षेत्रको अदालतमा दुई वर्षको कार्यकाल पूरा गरिसकेका न्यायाधीशलाई सरुवा गरिनेछ ।

(२) प्रधान न्यायाधीशले कुनै न्यायाधीशलाई एक अदालतबाट अर्को अदालतमा काज खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै न्यायाधीशलाई काजमा खटाइएकोमा प्रधान न्यायाधीशले त्यसको जानकारी तुरुन्त परिषद्लाई दिनु पर्नेछ ।

१२. **परिषद्को कार्यालय:** (१) परिषद्को एउटा छुट्टै कार्यालय हुनेछ र परिषद्को प्रशासकीय प्रमुखको रुपमा एकजना सचिव रहनेछ ।

(२) सचिवको नियुक्ति परिषद्को सिफारिशमा श्री ५ महाराजाधिराजबाट गरिबक्सनेछ र सचिवको पदावधि, सेवा शर्त र अन्य सुविधा श्री ५ को सरकारको सचिवको सरह हुनेछ ।

(३) उपदफा (२) बमोजिम सचिवको नियुक्ति नभएको अवस्थामा परिषद्ले श्री ५ महाराजाधिराजको स्वीकृति लिई न्याय सेवाको विशिष्ट श्रेणीको कुनै अधिकृतलाई सचिवको पदमा काम गर्न तोक्न सक्नेछ ।

१३. **परिषद्को बैठक:** (१) परिषद्को बैठक आवश्यकतानुसार अध्यक्षले तोके बमोजिम बस्नेछ ।

तर कुनै दुईजना सदस्यले संयुक्त रुपमा विषय-सूची समेत समावेश गरी परिषद्को बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

(२) बैठकमा विचाराधीन प्रत्येक विषयको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(३) सचिवले परिषद्को बैठक बस्ने मिति र त्यसमा छलफल हुने विषय-सूची सहितको सूचना साधारणत: अठचालीस घण्टा आगाडि सबै सदस्यहरुले पाउने गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त गर्ने सदस्यले सो बैठकका निमित्त निर्धारित विषय-सूचीमा समावेश गरिएको विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा जुन विषयमा छलफल गर्न चाहेको हो सो को कारण सहितको सूचना बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगाडि सचिवलाई दिनु पर्नेछ ।

तर बैठकमा उपस्थित सबै सदस्यहरुका सहमतिले कुनै सदस्यले बैठकमा मौखिक प्रस्ताव राख्न र त्यस्तो प्रस्ताव उपर छलफल गरी निर्णय गर्न यस उपदफाले परिषद्लाई बाधा पुऱ्याएको मानिने छैन ।

(५) अध्यक्ष लगायत अरु दुई जना सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको निमित्त गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) परिषद्ले गरेको निर्णयको अभिलेख सचिवले तयार गरी राख्नेछ र अध्यक्षको निर्देशानुसार त्यसको कार्यान्वयन गर्नेछ ।

## न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी न्याय परिषद्ले यी नियमहरु बनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरुको नाम "न्याय परिषद् (कार्यविधि) नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा: -

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले न्याय परिषद ऐन, २०४७ सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले संविधानको धारा ९३ बमोजिमको न्याय परिषद् सम्झनु पर्छ ।

(घ) "सचिवालय" भन्नाले परिषद्को सचिवालय सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले परिषद्को सचिव सम्झनु पर्छ ।

### परिच्छेद – २

### अभिलेख सम्बन्धी व्यवस्था

३. **अभिलेख राख्ने:** (१) सचिवालयले संविधानको धारा ८७ को उपधारा (३), धारा ९० को उपधारा (१) र (२) बमोजिम सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुगेका व्यक्तिको देहाय बमोजिमको विवरणहरु र सो विवरणहरु पुष्टि गर्ने आवश्यक कागजातहरु संकलन गरी छुट्टाछुट्टै अद्यावधिक अभिलेख राख्नु पर्नेछ :

ᴪ पहिलो संशोधनद्वारा थप ।

(क) नाम, थर, ठेगाना र जन्म मिति,
(ख) अध्ययन गरेको संस्था, स्थान र प्राप्त गरेको उपाधि,
(ग) कुनै संस्था वा निकायमा पूर्ण समय काम गरेको भए तत्सम्बन्धी विवरण,
(घ) कुनै संस्थामा कानुनी सल्लाहकारको रुपमा काम गरेको भए सम्बन्धित संस्थाको नाम र काम गरेको अवधि,
(ङ) चरित्र एवं आचरण सम्बन्धी स्थिति,
(च) कानुन व्यवसायीको पेशा गरेकोमा प्रमाण-पत्र प्राप्त गरेको मिति, कानुन व्यवसाय गरेको मूल स्थान र अनुभवको जम्मा अवधि,
(छ) अध्यापन गरेको भए अध्यापन गरेको विषय, संस्था, स्थान र अवधि,
(ज) तालिम, प्रशिक्षण, छात्रवृत्ति, विशेषज्ञता वा यस्तै अनुभव सम्बन्धी उल्लेख्य विषय,
(झ) कुनै सजाय वा प्रोत्साही पुरस्कार, विभूषण आदि प्राप्त गरेकोमा तत्सम्बन्धी विवरण,
(ञ) सम्बन्धित व्यक्तिको काम कारवाही वा आचरणका सम्बन्धमा भए गरेका उजुरी, शिकायत र कारवाही सम्बन्धी विवरण,
(ट) कानुन तथा न्यायका क्षेत्रमा गरेका अन्वेषण, शोध, खोज, अनुसन्धान तथा योगदान र अनुभवको विवरण,
(ठ) सेवा सम्बन्धी अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिम अभिलेख राख्ने प्रयोजनका लागि सचिवले सर्वोच्च अदालत, कानुन तथा न्याय मन्त्रालय, नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय, त्रिभुवन विश्वविद्यालय कानुन संकाय, नेपाल वार एशोसिएसन, नेपाल कानुन व्यवसायी परिषद तथा अन्य सम्बन्धित निकायसंग संभाव्य उम्मेदवारको विवरण तथा त्यस सम्बन्धमा कुनै प्रतिकृया भए सो समेत माग्न सक्नेछ ।

(३) यस नियम बमोजिम अभिलेख राख्दा सचिवले संभाव्य उम्मेदवार कार्यरत रहेको निकायको र त्यस्ता व्यक्ति मध्ये कानुन व्यवसायीका रुपमा कार्यरत व्यक्ति भए निजले कानुन व्यवसाय गरेको स्थानका अदालत तथा वार इकाइको समेत राय लिन सक्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम विवरण, प्रतिकृया तथा राय माग भएकोमा सम्बन्धित निकायले माग भए अनुरुपको विवरण, सूचना, सम्बद्ध लिखत कागजात तथा आफ्नो प्रतिकृया तथा राय समेत पठाई सहयोग गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम योग्यता पुगेका संभाव्य उम्मेदवारले आफ्नो वैयक्तिक विवरण (वायोडाटा) आफै दिन ल्याएमा त्यस्तो विवरण समेत सचिवले अभिलेखमा समावेश गरी राख्न सक्नेछ ।

४. **वैयक्तिक विवरण (सिटरोल) राख्ने**: (१) सचिवालयले नेपाल न्याय सेवाबाट न्यायाधीशको पदमा नियुक्त भएका व्यक्तिको वैयक्तिक विवरण फाराम (सिटरोल) र तत्सम्बन्धी कागजहरुको प्रमाणित प्रतिलिपि निजामति किताबखानाबाट समेत झिकाई अध्यावधिक गरी राख्नु पर्नेछ ।

(२) कानुन व्यवसायी भै काम गरेको वा कानुन तथा न्यायका क्षेत्रमा अध्ययन, अध्यापन, अन्वेषण, शोध, खोज गरेको आधारमा न्यायाधीशको पदमा नियुक्त भएका व्यक्तिहरुले नियुक्ति भएको मितिले तीन महिना भित्र र यो नियम प्रारम्भ हुँदासम्म वैयक्तिक विवरण फाराम नभरेका व्यक्तिहरुले यो नियम प्रारम्भ भएको मितिले ६ महिना भित्र अनुसूची - १ बमोजिमको ढाँचामा वैयक्तिक विवरण फाराम भरी सचिवालयमा दाखिला गर्नु पर्नेछ ।

(३) कुनै न्यायाधीशको वैयक्तिक विवरण फाराममा उल्लेख भएको जन्म मिति र निजको शैक्षिक योग्यताको प्रमाणपत्र वा नागरिकताको प्रमाण पत्रमा उल्लिखित जन्म मिति फरक देखिएमा सचिवले ती प्रमाण पत्र प्रदान गर्ने संस्थामा रहेको प्रमाणित अभिलेख मगाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त भएको अभिलेखबाट पनि उमेर यकिन हुन नसकेमा सेवा प्रवेश गर्दा निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्रमा उल्लिखित जन्म मिति वा उमेरको आधारमा नै अभिलेख कायम गरिनेछ ।

## परिच्छेद - ३

## न्यायाधीश नियुक्तिको सिफारिस सम्बन्धी व्यवस्था

५. **नियुक्तिका लागि सिफारिसका आधारहरुः** (१) सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशको पदमा नियुक्त गर्नको लागि संविधान बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट कुनै व्यक्तिलाई परिषद्ले सिफारिस गर्दा ऐनमा उल्लिखित योग्यता र आधारहरुको अतिरिक्त देहायका आधारहरु समेत विचार गर्नेछ :-
(क) सम्बन्धित काम र विषयवस्तुमा दक्षता, अनुभव एवं सम्पादित कामको गुणस्तर,
(ख) मुद्दाको तथ्य र मुद्दामा उठाइएको प्रश्न बुझ्न र अभिव्यक्त गर्न सक्ने क्षमता, फैसला लेखन कला र फैसलाको स्तर,
(ग) कार्य फछ्यौंट तथा आचरण सम्बन्धी अभिलेखमा देखिने विवरण,
(घ) निरीक्षण प्रतिवेदनबाट देखिएका कुरा,
(ङ) कार्य सम्पादन मूल्यांकनको स्थिति,
(च) कानून र न्यायका क्षेत्रमा गरेको शोधखोज, अध्ययन, अन्वेषण र कृतिको स्थिति, श्रृजनात्मकता एवं शैक्षिक योग्यता,
(छ) कानुन सम्बन्धी काम कारवाहीको अनुभव एवम् ज्ञान तथा न्यायिक क्षेत्रमा गरेको योगदान, प्राप्त गरेको ख्याति, छवि एवं निज प्रतिको जनभावना,
(ज) निर्भिकता एवं सक्षमता,
(झ) आचार संहिताको उल्लंघनमा भएको कारवाहीको स्थिति तथा न्यायाधीशको पदमा नियुक्ति हुनु पुर्वको आचरण,

(२) उपनियम (१) मा उल्लेख भएका आधारहरुको अतिरिक्त पुनरावेदन अदालतको मुख्य न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा सम्बन्धित व्यक्तिको प्रशासकीय एवं प्रबन्धकीय क्षमता र प्रशासनिक नेतृत्व क्षमतालाई समेत हेरिनेछ ।

(३) परिषद्ले उपनियम (१) मा उल्लेख भएका विभिन्न आधारहरुको विश्लेषण गरि तुलनात्मक रुपमा योग्य देखिएको व्यक्तिलाई आधार र कारण समेत खोली नियुक्तिको लागि सिफारिस गर्ने निर्णय गर्नेछ ।

## परिच्छेद - ४

## वरिष्ठता कायम गर्ने व्यवस्था

६. **वरिष्ठता कायम गर्ने**: इजलाश कायम गर्ने, पेशी सूची तोक्ने एवं अदालतको प्रशासनिक काम कारवाही सञ्चालन गर्ने प्रयोजनको लागि परिषद्ले देहायका आधारमा सबै न्यायाधीशहरुको वरिष्ठता कायम गर्नेछ :-

(क) सम्बन्धित पदमा नियुक्ति भएको मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिने भएमा सो तहको न्यायाधीशको पदमा भएको नियुक्ति क्रमको आधारमा।

(ग) खण्ड (ख) बमोजिम न्यायाधीशको पदमा नियुक्ति हुंदाको क्रम तोकिएको रहेनछ भने सेवाको पूर्व अनुभवको अभिलेख समेतको आधारमा।

७. **वरिष्ठताको अभिलेख अद्यावधिक गरी राख्ने**: सचिवले नियम ६ को प्रयोजनको निमित्त न्यायाधीशहरुको वरिष्ठता सूची अद्यावधिक गरी सचिवालयमा राख्नु पर्नेछ ।

## परिच्छेद - ५

## निरीक्षण तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था

८. **न्यायाधीशको काम कारवाहीको निरीक्षण र कार्य सम्पादनको मुल्याङ्कन**: (१) सामान्यतया प्रत्येक आर्थिक वर्षमा पुनरावेदन तहबाट जिल्ला अदालत तथा पुनरावेदन अदालतका न्यायाधीशहरुको काम कारवाहीको निरीक्षण गरी अनुसूची - २ को ढाँचामा सो को विवरण राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निरीक्षण पुनरावेदन अदालतको न्यायाधीशको हकमा प्रधान न्यायाधीश वा निजले तोकेको सर्वोच्च अदालतको न्यायाधीशबाट र जिल्ला न्यायाधीशको हकमा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा निजले तोकेको पुनरावेदन अदालतको न्यायाधीशबाट हुनेछ।

तर सर्वोच्च अदालतले चाहेमा जिल्ला अदालतको निरीक्षण गर्न बाधा पर्ने छैन।

(३) उपनियम (२) बमोजिम निरीक्षण गर्ने न्यायाधीशले अनुसूची - ३ को ढांचामा सम्बन्धित न्यायाधीशको कार्य सम्पादन मूल्यांकन फाराम समेत भरी निरीक्षण गरेको मितिले ३५ दिन भित्र सचिवालयमा निरीक्षण प्रतिवेदन पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निरीक्षण प्रतिवेदन र कार्यसम्पादन मूल्याङ्कन फाराम सचिवले सम्बन्धित न्यायाधीशको वैयक्तिक विवरण अभिलेख पुस्तिकामा समावेश गरी परिषदको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) पुनरावेदन अदालतका न्यायाधीश तथा जिल्ला न्यायाधीशको कार्यकुशलता तथा कार्य क्षमताको मूल्याङ्कन गर्नका लागि परिषद्ले आवश्यकतानुसार त्यस्ता न्यायाधीशहरुबाट भएका फैसला र आदेशका प्रतिलिपिहरु झिकाउन सक्नेछ।

(६) पुनरावेदन तथा जिल्ला अदालतका कुनै न्यायाधीशले गरेको फैसला वा आदेश देखादेखि कानुन तथा न्यायका मान्य सिद्धान्तको प्रतिकूल भएको वा न्यायाधीशमा कार्यक्षमताको अभाव छ भन्ने कुरा पुनरावेदनको रोहमा देखिएमा त्यस्तो फैसला वा आदेशको प्रतिलिपि परिषदको जानकारीका निम्ति सचिवालयमा पठाउने गरी इजलाशले आदेश गर्नु पर्नेछ ।

९. **कार्य फछ्र्यौट सम्बन्धी अभिलेख**: (१) पुनरावेदन अदालतका न्यायाधीशको कार्यसम्पादन सम्बन्धी विवरण अनुसूची-४ को ढाँचामा र जिल्ला अदालतका न्यायाधीशको कार्यसम्पादन सम्बन्धी विवरण अनुसूची - ५ को ढाँचामा सचिवालयले राख्नु पर्नेछ ।

(२) पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशको कार्य फछ्र्यौट तथा आचरण सम्बन्धी विषयको अभिलेख अनुसूची- ६ को ढाँचामा सचिवालयले राख्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको अभिलेख राख्ने प्रयोजनका निमित्त तत्सम्बन्धी विवरण सोही अनुसूचीहरुमा तोकिएको ढाँचामा भरि सम्बन्धित अदालतले सचिवालयमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ६

## सरुवा सम्बन्धी व्यवस्था

१०. **सरुवा गरिने**: (१) पुनरावेदन अदालत तथा जिल्ला अदालतका न्यायाधीशलाई ऐनको दफा ११ अनुसार एक स्थानको अदालतबाट अर्को स्थानको अदालतमा सरुवा गरिनेछ। यस प्रयोजनका लागि दुर्गम एवं सुगम क्षेत्रका अदालतको वर्गीकरण अनुसूची - ७ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम सरुवा गर्दा न्यायाधीशलाई समान पदमा बहाल छँदै सामान्यतया सोही अदालतमा पुन: सरुवा गरिने छैन।

११. **सरुवा भएको अदालतमा हाजिर हुने**: सरुवा वा काजमा खटाइएको न्यायाधीशले त्यस्तो सरुवा वा काज खटाइएको मितिले पन्ध्र दिन भित्र रमाना लिई बाटाका म्याद बाहेक सात दिन भित्र सम्बन्धित अदालतमा हाजिर हुनु पर्नेछ ।

१२. **कार्य सम्पादन र कार्य क्षमतालाई आधार बनाइने**: यस परिच्छेद बमोजिम कम मुद्दा भएका अदालतबाट बढी मुद्दा भएका अदालतहरुमा न्यायाधीशलाई सरुवा गर्दा निजको मुद्दा फछ्र्यौट संख्या, कार्य सम्पादनको स्थिति र कार्य क्षमतालाई आधार बनाई गरिनेछ।

## परिच्छेद - ७

## उजुरी तथा सो को छानबिन र अनुसन्धान सम्बन्धी कार्यविधि

१३. **उजुरी दिन सक्ने**: (१) कुनै न्यायाधीशले आफ्नो पदीय दायित्व इमान्दारिपूर्वक निर्वाह नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको वा निजबाट खराब आचरण भएको छ भन्ने लागेमा कुनै पनि व्यक्तिले भएसम्मको सबुद प्रमाण संलग्न गरी सचिवालयमा आफै उपस्थित भई वा फ्याक्स वा हुलाक मार्फत उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता हुन आएको उजुरी निवेदनमा सचिवले सम्बन्धित व्यक्तिलाई बोलाई सनाखत गराउन सक्नेछ।

तर कुनै निवेदनमा सनाखत हुन नसकेमा सोही कारणले मात्र त्यस्तो निवेदन तामेलीमा राखिने छैन।

१४. **उजुरी परे पछिको सामान्य कारवाही**: (१) नियम १३ बमोजिम कुनै न्यायाधीशको विरुद्धमा सचिवालयमा पर्न आएको उजुरी परिषदमा राख्नु अघि सो प्रयोजनका लागि

तत्सम्बन्धी आवश्यक कुरा सम्बन्धित व्यक्ति वा अदालतसँग सचिवालयले बुझ्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आवश्यक कुरा बुझी सकेपछि सचिवले तत्काल परिषद्को बैठक बसेको अवस्था भए सो बैठकमा र बैठक बसेको अवस्था नभए प्रधान न्यायाधीश समक्ष बुझिएको व्यहोरा सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको उजुरी र प्रतिवेदनका सम्बन्धमा ऐनको दफा ५ बमोजिम प्रारम्भिक जाँचबुझ गराउनु पर्ने आवश्यक देखेमा परिषदले प्रारम्भिक जाँचबुझको कार्य गराउनेछ।

(४) यस नियम बमोजिम जाँचबुझ गर्दा सचिवालयले आवश्यकता अनुसार कुनै विषयमा सम्बन्धित विशेषज्ञ व्यक्ति वा संस्थाको सहयोग लिन सक्नेछ।

(५) ऐनको दफा ९क बमोजिम मुद्दाको अनुसन्धान वा दायर गर्ने क्रममा सचिवालयले नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालयको सहयोग लिन सक्नेछ।

(६) यस परिच्छेद बमोजिम भएको कारवाही र अनुसन्धानको क्रममा प्राप्त हुन आएका सूचना एवं जानकारी गोप्य रहनेछन्।

(७) यस परिच्छेद बमोजिम भएको कारवाहीको टुङ्गो लागि सकेपछि सचिवालयले त्यसको विवरण सम्बन्धित न्यायाधीशको अभिलेखमा समेत समावेश गर्नु पर्नेछ।

१५. **उजुरीकर्तालाई निर्णयको जनाउ दिन सकिने** : सचिवालयमा पर्न आएको उजुरी सम्बन्धित व्यक्तिले सनाखत गरेको रहेछ भने त्यस्तो उजुरीमा भएको निर्णयको जानकारी सचिवले उजुरीकर्तालाई दिन सक्नेछ।

## परिच्छेद – ८

## सचिवालय सम्बन्धी व्यवस्था

१६. **सचिवालय सम्बन्धी व्यवस्थाः** (१) परिषद्को सचिवालयमा प्रशासकीय प्रमुखको रुपमा ऐनको दफा १२ बमोजिम नियुक्ति हुने सचिवको नाम सिफारिश गर्दा परिषदले नियम ५ को खण्ड (क), (ङ), (च), (छ) र (ज) मा उल्लेख भएका विषयहरु समेतलाई आधार लिने छ।

(२) न्यायाधीशहरुको नियुक्ति, सरुवा, कार्य-फछ्र्यौट, कार्य सम्पादन निरीक्षण प्रतिवेदन सम्बन्धी अभिलेख अद्यावधिक गर्ने, उजुरीको छानबिन अनुसन्धान सम्बन्धी कारवाही अगाडि बढाउने एवं अन्य प्रशासनिक तथा आर्थिक काम कारवाही गर्ने प्रयोजनको लागि सचिवको प्रत्यक्ष नियन्त्रण र रेखदेखमा रहने गरी सचिवालयमा आवश्यकता अनुसार महाशाखा एवं शाखाहरु रहन सक्नेछन।

१७. **सचिवको काम कर्तव्य र अधिकारः** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र तोकिएको काम कर्तव्यको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषदले गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) सचिवालयमा रहने अभिलेखलाई अध्यावधिक गराइ व्यवस्थित र सुरक्षित रुपमा राख्ने प्रबन्ध गर्ने गराउने,

(ग) सचिवालयका विभिन्न महाशाखाले गर्नु पर्ने काम कारवाहीको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण, समन्वय र कर्मचारीको कार्य विभाजन गरी काममा लगाउने,

(घ) परिषद्मा राखिने विभिन्न किसिमका अभिलेख प्रमाणित गर्ने,

(ङ) परिषद्बाट भएको निर्णय सम्बन्धित व्यक्ति वा निकायलाई जानकारी गराउने,

(च) श्री ५ को सरकार लगायत अन्य निकायसंग सम्पर्क राख्ने,

(छ) परिषदबाट तोकिए बमोजिमको अन्य काम कारवाही गर्ने।

(२) परिषद्को बैठकमा परिषद्का सदस्यहरु, सचिव, सचिवालयका अधिकृतहरु बाहेक अन्य कुनै पदाधिकारीको उपस्थिति आवश्यक छ भनी प्रधान न्यायाधीशले निर्देशन दिएमा सचिवले परिषद्को बैठकमा त्यस्ता पदाधिकारीलाई उपस्थितिको लागि सूचना दिनु पर्नेछ ।

१८. **समन्वय समिति** : (१) संविधान बमोजिम न्यायाधीश हुन योग्यता पुगेका नेपाल न्याय सेवाका अधिकृत कर्मचारी एवं सेवा बाहिरका कानुन व्यवसायी तथा प्राध्यापनमा संलग्न कानुनविद्को प्राप्त विवरण एवम् सूचनाका सम्बन्धमा आवश्यक छानविन गरी निजहरुसँग सम्बन्धित निकायहरुसँग समन्वय समेत गर्न देहायको एक समन्वय समिति रहनेछ :-

(क) परिषदले तोकेको परिषदको सदस्य ............अध्यक्ष
(ख) नेपाल अधिराज्यको महान्यायाधिवक्ता..........सदस्य
(ग) रजिष्ट्रार, सर्वोच्च अदालत ......................सदस्य
(घ) सचिव, कानुन तथा न्याय मन्त्रालय .......... सदस्य
(ङ) अध्यक्ष, नेपाल बार एशोसिएशन.. ............सदस्य
(च) डीन, त्रिभुवन विश्व विद्यालय, कानुन संकाय..सदस्य
(छ) सचिव, न्याय परिषद .................सदस्य - सचिव

(२) उपनियम (१) बमोजिमको समितिले संविधान बमोजिम कुनै अदालतको न्यायाधीश बन्ने योग्यता पुगेका तर न्यायाधीशको पदमा बहाल नरहेका व्यक्तिहरुको नामावली तथा निजहरुको सम्बन्धमा आवश्यक अन्य जानकारी एवं सूचना संकलन गर्ने तथा प्राप्त विवरणको छानविन गर्ने समेत सक्नेछ।

(३) परिषदले समन्वय समितिका कुनै पदाधिकारीलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ।

(४) समन्वय समितिको अध्यक्ष तथा सदस्यहरुले परिषदले तोके बमोजिम बैठक भत्ता पाउनेछन्।

## परिच्छेद-९

## विविध

१९. **सम्पत्ति विवरण पेश गर्ने** : (१) न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिले आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्तिको स्थिति र सो को स्रोत समेतको विवरण न्यायाधीशको पदमा नियुक्ति भएको मितिले पैतीस दिन भित्र सचिवालयमा पेश गर्नु पर्नेछ ।

तर यो नियम प्रारम्भ हुनु अघि आफ्नो सम्पत्ति विवरण पेश नगरेका न्यायाधीशले यो नियम प्रारम्भ भएको मितिले यस नियम बमोजिम तीन महिना भित्र पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश गरेको विवरण प्रत्येक दुई दुई वर्षमा सचिवले अद्यावधिक गराइ राख्नु पर्नेछ ।

२०. **कानुनविद् सदस्यको काम कर्तव्य एवं अधिकार:** परिषद्का कानुनविद् सदस्यको काम कर्तव्य एवं अधिकार देहाय अनुसार हुनेछ :-

(क) परिषदले तोके बमोजिम यस नियमावलीको नियम ३, ८ र ९ मा उल्लेख भए बमोजिमको विभिन्न विवरणहरु अद्यावधिक गर्ने गराउने,

(ख) उजुरीको जाँचबुझ तथा अनुसन्धान वा अरु कुनै विषयमा परिषदले तोके बमोजिम काम कारवाही गर्ने,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित कार्य गर्न सम्बन्धित अदालतमा भ्रमण गरी परिषदमा प्रतिवेदन पेश गर्ने ।

२१. **शपथ:** (१) परिषद्का कानुनविद् सदस्यले अनुसूची - ८ बमोजिमको ढांचामा परिषदको अध्यक्ष समक्ष शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) पुनरावेदन अदालतको मुख्य न्यायाधीशले प्रधान न्यायाधीश समक्ष र पुनरावेदन अदालतका अन्य न्यायाधीश तथा जिल्ला अदालतका न्यायाधीशले सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूची - ९ बमोजिमको ढांचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) सचिवले परिषदको अध्यक्ष समक्ष अनुसूची - १० बमोजिमको ढांचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

२२. **गोपनीयता:** परिषद्को वैठक सम्बन्धी कारवाहीहरु गोप्य रहनेछ ।

२३. **प्रमुख सचिवालय मार्फत जाहेर गर्ने:** श्री ५ महाराजाधिराजका हजुरमा पारिषद्को काम कारवाहीको जाहेरी गर्दा वा कुनै कुरामा अनुमति प्राप्त गर्दा श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय मार्फत सचिवले जाहेर गर्नुपर्नेछ ।

२४. **आचार संहिताको पालना सम्बन्धी व्यवस्था:** न्यायाधीशहरुले पालन गर्नु पर्ने आचार संहिताको पालना गरे नगरेको विषयमा छानवीन गरी सम्बन्धित न्यायाधीशको कार्यसम्पादनको मूल्यांकन, नियुक्ति तथा सरुवा गर्दा विचार गरिनेछ ।

२५. **न्यायाधीशलाई सेमीनार गोष्ठीमा सहभागी गराउने:** (१) न्यायाधीशको क्षमता विकास गराउनको लागि सेमिनार, गोष्ठी, कार्यशाला, सम्मेलन, पुनर्ताजगी प्रशिक्षण जस्ता कार्यक्रमहरु परिषदले सचिवालय मार्फत सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संचालन हुने कार्यक्रमको सम्बन्धमा विषयवस्तुको निर्धारण गर्ने तथा सहभागीको छनौट गर्ने प्रकृया निर्धारण गर्ने जस्ता काम परिषद्ले सचिवालय मार्फत गर्न, गराउन सक्नेछ ।

२६. **श्री ५ को सरकारसंगको सम्पर्क:** परिषद्ले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानुन तथा न्याय मन्त्रालय मार्फत राख्नेछ ।

२७. **बैठक सम्बन्धी कार्यविधि:** ऐनमा उल्लेख भए देखि बाहेक परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. **खारेजी र बचाउ :** (१) न्याय परिषद् (कार्यविधि) नियमावली, २०५४ खारेज गरिएको छ ।

(२) न्याय परिषद् (कार्यविधि) नियमावली, २०५४ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली अन्तर्गत भए गरेको मानिनेछ ।

---

**अनुसूची - १**

**(नियम ४ को उपनियम (२) संग सम्बन्धित)**

**न्यायाधीशको वैयक्तिक विवरण (सिटरोल) पुस्तिका**

| फोटो |
|---|

नाम, थर :-

वतन:-

# वैयक्तिक विवरण

अदालतको नाम:

०१. न्यायाधीशको पूरा नाम र थर:

०२. ठेगाना:
(क) स्थायी :-
अञ्चल :-
जिल्ला :-
गाँउ/नगर :-
वार्ड नम्बर :-
गाँउ/टोल :-
ब्लक नम्बर :-
ख. अस्थायी :-
अञ्चल :-
जिल्ला :-
गाँउ/ नगर
वार्ड नम्बर :-
गाउँ/ टोल :-

ब्लक नम्बर :-

०३. घर भएको जिल्ला :-

०४. जन्मेको मिति :-
साल महिना गते :-

०५. ६३ वर्ष उमेर पुग्ने मिति :-
०६. ६५ वर्ष उमेर पुग्ने मिति :-
०७. नागरिकता र त्यसको नम्बर :-
०८. धर्म :-
०९. लिंग :-
१०. हुलिया :-
११. विवाहित भए पति/पत्नीको नाम :-
श्री/श्रीमती :-
१२. पति/पत्नीको पेशा :-
१३. छोराको संख्या :-
१४. छोरीको संख्या :-
१५. बाबुको नाम :-
१६. बाबुको पेशा :-
१७. बाजेको नाम :-
१८. इच्छाएको व्यक्तिको नाम, थर :-
ठेगाना :-
अञ्चल, जिल्ला गाँउ/ नगर :-
वार्ड नम्बर :-
सम्बन्ध :-
१९. नियुक्तिको विवरण :-
अदालतको नियुक्ति मिति :-
साल महिना गते
२०. यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सोको विवरण :-
कार्यालयको नाम :-
पद :-
श्रेणी :-
नियुक्ति मिति :-
छोडेको मिति

**२१. शैक्षिक योग्यता**

| अध्ययन गरेको संस्थाको नाम | साल | उत्तीर्ण गरेको परीक्षा | श्रेणी र प्राप्तांक प्रतिशत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२२. तालिम

(क) स्वदेशी

| संस्थाको नाम | तालीमको नाम | अवधि | | श्रेणी |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(ख) वैदेशिक

| संस्थाको नाम र देश | तालीमको नाम | अवधि | | श्रेणी |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२३. मान, पदवी, अलंकार, विभुषण पदक

| नाम | प्राप्त गरेको साल | श्रेणी |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

२४. भाषा ज्ञान

| भाषाको नाम | बोल्ने | लेख्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

२५. कृति

| कृतिको नाम | भाषा माध्यम | प्रकाशित मिति | विषय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## २६. नोकरी विवरण

हालसम्मको नोकरीमा रहेको पद, श्रेणी कार्यालय, मिति

| पद | श्रेणी | सेवा/समूह | अदालत वा कार्यालय | नियुक्ति/सरुवा / बढुवा | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## २७. विशेष अनुभव एवं अन्य विवरण

माथि लेखिएको विवरण ठीक छ । कुनै कुरा झुठो लेखिएको वा जानाजानी साँचो कुरा दबाउने लुकाउने उद्देश्यले लेखिएको ठहरे कानुन बमोजिम सजाय स्वीकार गर्नेछु भनी सही छाप गर्ने ।

न्यायाधीशको
(बुढी औंलाको छाप)

| दाँया | बाँया |
|---|---|
| | |

दस्तखत

**सचिवालयले प्रयोग गर्ने**

१.संकेत नं. | | | | | | |

२. ६३/६५ वर्ष उमेर पुग्ने मिति :-

३. सेवा अवधि :-

प्रमाणित गर्ने पदाधिकारीको
दस्तखत
सचिवालयको छाप

द्रष्टव्य: नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र माथि उल्लिखित अन्य विवरण पुष्टि गर्ने कागज प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा साथै पेश गर्नु पर्नेछ ।

**अनुसूची -२**
**(नियम ८ को उपनियम (१) संग सम्बन्धित)**
**न्यायाधीशको कार्य सम्पादन निरीक्षण फाराम**
**आ.व.: ......**

न्यायाधीशको नाम :-
अदालत :-

निरीक्षणकर्ताको नाम :-
निरीक्षण गरेको मिति :-

| क्र.स. | सम्पादित कामको स्थिति | भएको छ वा छैन | नभएकोमा कतिवटा मुद्दामा त्यस्तो देखिएको | निरीक्षण गरिएको मिसिल वा मुद्दा नं | नभएकोमा देखाइएको कारण | कारण उचित छ/छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | निर्धारित समयभित्र मुद्दाको कारवाही भए नभएको | | | | | | |
| २ | एकै पटक गर्नु पर्ने वा गर्न सकिने आदेश नगरी पटक पटक गरेको वा कानुन प्रतिकूल आदेश वा कारवाही गरी मुद्दा लम्ब्याएको छ, छैन। | | | | | | |
| ३ | असम्बन्धित कानुनको प्रयोग तथा, असंगत वा गलत अर्थ वा व्याख्या वा कारवाही गरेको छ, छैन। | | | | | | |
| ४ | नराख्नु पर्ने मुलतवी राखेको तथा जगाउनु पर्ने जगाएको छ, छैन। | | | | | | |
| ५ | विना काम तारेख तोकेको र तोकेको तारेखमा तोकेको काम गरेको छ/ छैन। | | | | | | |
| ६ | ठहर गर्नु पर्ने तथ्य र प्रश्न नखुलाइ प्रमाण बुझ्ने आदेश गरेको छ, छैन। | | | | | | |
| ७ | सर्वोच्च अदालतबाट प्रतिपादित नजीर वा कानुनी सिद्धान्त विपरित निर्णय गरेको छ, छैन। | | | | | | |
| ८ | निर्धारित समय भित्र इजलाशमा नबसेको वा समय हुंदा हुँदै मुद्दा नहेरेको | | | | | | |
| ९ | निर्धारित समय भित्र आदेश वा निर्णय गरेको छ, छैन। | | | | | | |
| १० | विदा स्वीकृत नगराइ वा अनुमति नलिइ अनुपस्थित रहेको छ, छैन। | | | | | | |
| ११ | अदालतको समयमा मादक पदार्थ सेवन गरेको छ, छैन। | | | | | | |
| १२ | अदालतको सम्पत्ति वा अधिकारको दुरुपयोग गरेको छ, छैन। | | | | | | |
| १३ | इजलासबाट भई सकेको फैसला वा आदेश निर्धारित समय भित्र सही गरेको छ, छैन। | | | | | | |
| १४ | फैसला कार्यान्वयन गर्ने काम कानुन बमोजिम निर्धारित समय भित्र गर्न गराउन सकेको छ, छैन। | | | | | | |
| १५ | माथिल्लो अदालतहरुबाट भएका आदेश वा निर्देशनको पालना भएको छ, छैन। | | | | | | |
| १६ | अन्य कुनै उल्लेख्य कुरा भएकोमा सो उल्लेख गर्ने। | | | | | | |

.......................................
निरीक्षण कर्ताको दस्तखत र
मिति :-

द्रस्टव्य:

१ निरीक्षण गर्दा निरीक्षणकर्ताले नमुना परीक्षणका रुपमा कम्तीमा जम्मा मुद्दाको पचास प्रतिशत मुद्दाको मिसिल निरीक्षण गर्नु पर्ने।
२ निरीक्षण कर्ताले निरीक्षण प्रतिवेदनका साथ अनुसूची ३ बमोजिमको कार्य सम्पादन मूल्यांकन फाराम समेत भरी पठाउनु पर्ने।
३ आचरण सम्बन्धी कुनै सूचना वा जानकारी प्राप्त भए सो सम्बन्धी व्यहोरा समेत प्रतिवेदनमा समावेश गर्ने।
४ निरिक्षणकर्ताले उपरोक्त विषयहरुमा केन्द्रित भई मूल्यांकनका सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन लेख्नुपर्नेछ ।

*निरीक्षणकर्ताले भर्ने*

**अनुसूची - ३**
**(नियम ८ को उपनियम (३) संग सम्बन्धित)**
**कार्य सम्पादन मूल्यांकन फाराम**
**आ.व.**

न्यायाधीशको नाम:
अदालत:

मूल्यांकन गर्ने न्यायाधीशको नाम:
अदालत:

| क्र.सं | कार्य सम्पादन सम्बन्धी स्थिति | मूल्यांकन कर्ताको विश्लेषण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | निराशाजनक | |
| १ | निर्धारित समयभित्रै मुद्दाको कारवाही किनारा गरेको | | | | | |
| २ | काम कारवाहीमा इमान्दारिता | | | | | |
| ३ | सम्पादित कामको स्तर | | | | | |
| ४ | मुद्दाको तथ्य र मुद्दामा उठाइएको प्रश्न बुझ्ने क्षमता | | | | | |
| ५ | आचरणजन्य विषयहरु | | | | | |
| ट | प्रशासनिक नेतृत्व क्षमता | | | | | |
| ७ | न्यायाधीशप्रति मुद्दाका पक्ष, कानुन व्यवसायी तथा अन्य सर्वसाधारणको धारणा | | | | | |
| ८ | अन्य कुनै कुरा उल्लेख्य भए सो | | | | | |

.......................................................
मूल्यांकन गर्ने न्यायाधीशको दस्तखत र मिति

द्रष्टव्य : प्रस्तुत मूल्यांकन फाराममा मूल्यांकन गर्दा मूल्यांकनकर्ताले निरीक्षण फाराममा देखाइएको कुरा, कार्यसम्पादन सम्बन्धी अभिलेख, कार्य फछ्र्यौट तथा आचरण सम्बन्धी अभिलेख समेतलाई अध्ययन गरी सोको आधारमा मूल्यांकन गर्नु पर्ने र प्रस्तुत मूल्यांकन फाराम भरी मूल्यांकन कर्ता न्यायाधीशले निरीक्षण प्रतिवेदन साथै सचिवालयमा पठाउनु पर्ने । मूल्यांकन कर्ताले सम्पादित कार्यको गुणस्तर समेतको मूल्यांकन गरी आफ्नो राय सहितको प्रतिवेदन लेख्नुपर्नेछ ।

*सम्बन्धित अदालतले तयार गरी प्रत्येक महिना न्याय परिषद सचिवालयमा पठाउने र सचिवालयले यसै अनुरुप अध्यावधिक गरी राख्ने*

**अनुसूची - ४**

**(नियम ९ को उपनियम (१) संग सम्बन्धित)**

# न्यायाधीशको कार्य सम्पादन सम्बन्धी अभिलेख

**(पुनरावेदन अदालतको लागि)**

**आ.व.**

न्यायाधीशको नाम:
अदालत:

अभिलेख राख्नेको नाम :
अभिलेख प्रमाणित गर्नेको नाम :

| महिना | मुद्दाको किसिम | मुद्दा सम्बन्धी अभिलेख (संख्यामा) | | | | | | | | | | छिनिएको वा अन्तिम आदेश भएको मध्ये | | जम्मा फछ्यौंट संख्या | हाजिरी सम्बन्धी अभिलेख | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संयुक्त इजलाश | | | | | एकल इजलाश | | | | | म्याद भित्र | म्याद नाघेपछि | | सार्वजनिक बिदा | लिए को बिदा | हाजिरी दिन | |
| | | पेश भएको | अन्तिम आदेश वा निर्णय | अन्य आदेश | स्थगित | नभ्याइ-एको | पेश भएको | अन्तिम निर्णय वा आदेश | अन्य आदेश | स्थगित | नभ्याइ-एको | | | | | | | |
| श्रावण | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| भाद्र | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| आश्विन | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| कार्तिक | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| मार्ग | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| पौष | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माघ | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| फाल्गुन | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| चैत्र | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| वैशाख | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| जेष्ठ | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| आषाढ | मुद्दा | | | | | | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | |

.......................................................

अभिलेख प्रमाणित गर्नेको दस्तखत र मिति

द्रष्टव्य: काजमा बसेको दिनलाई उपस्थिति नजनाई जुन अदालतमा काजमा गई मुद्दा हेरेको हो सोही अदालतबाटै अभिलेख राख्ने र सम्बन्धित पुनरावेदन अदालतले यसै अनुरुप अभिलेख तयार गरी प्रत्येक महिना सचिवालयमा पठाउनु पर्ने र सचिवालयले यसै अनुरुपको अभिलेख अद्यावधिक गरी राख्ने ।

अनुसूची - ५
(नियम ९ को उपनियम (१) संग सम्बन्धित)

# न्यायाधीशको कार्य सम्पादन सम्बन्धी अभिलेख

(जिल्ला अदालतको लागि)

आ.व.

न्यायाधीशको नाम:
अदालत:

अभिलेख राख्नेको नाम:
अभिलेख प्रमाणित गर्नेको नाम:

| महिना | मुद्दाको किसिम | मुद्दा सम्बन्धी अभिलेख (संख्यामा) | | | | | छिनिएको वा अन्तिम आदेश भएको मध्ये | | जम्मा फछ्र्यौट संख्या | हाजिरी सम्बन्धी अभिलेख | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पेश भएको | अन्तिम आदेश वा निर्णय | अन्य आदेश | स्थगित | नभ्याइएको | म्याद भित्र | म्याद नाघेपछि | | सार्वजनिक विदा | लिए-को विदा | हाजिरी दिन | |
| श्रावण | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| भाद्र | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| आश्विन | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| कार्तिक | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| मार्ग | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| पौष | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माघ | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| फाल्गुन | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| चैत्र | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| वैशाख | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| जेष्ठ | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| आषाढ | मुद्दा | | | | | | | | | | | | |
| | निवेदन प्रतिवेदन | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

..................................................

अभिलेख प्रमाणित गर्नेको दस्तखत र मिति

द्रष्टव्य: काजमा बसेको दिनलाई उपस्थिति नजनाई जुन अदालतमा काजमा गई मुद्दा हेरेको हो सोही अदालतबाटै अभिलेख राख्ने । सम्बन्धित जिल्ला अदालतले यसै अनुरुप अभिलेख तयार गरी प्रत्येक महिना सचिवालयमा पठाउनु पर्ने र सचिवालयले यसै अनुरुपको अभिलेख अद्यावधिक गरी राख्ने ।

# अनुसूची - ६
**(नियम ९ को उपनियम (२) संग सम्बन्धित)**

**पुनरावेदन / जिल्ला अदालतका न्यायाधीशको कार्य फछ्र्यौट तथा आचरण सम्बन्धी अभिलेख**

**आ.व.**

न्यायाधीशको नाम:
अदालत:

अभिलेख प्रमाणित गर्नेको नाम:
दर्जा:

| काम गरेको अदालत | छिनेको मुद्दा संख्या | इजलाशमा पेश भएको मध्ये छिनेको प्रतिशत | पुनरावेदन तहबाट पुनरावेदनको रोहमा कुनै टिप्पणी गरेको रहेछ भने तत्सम्बन्धी संक्षिप्त विवरण | म्याद भित्र छिनेको | म्याद नाघेपछि छिनेको | आचरण सम्बन्धी उजुरी परेको भए सो को प्रकृति र संख्या | उजुरीमा छानवीन भएकोमा सोको निष्कर्ष | निरीक्षण कर्ताको प्रतिवेदन को निशकर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

........................................
अभिलेख प्रमाणित गर्नेको दस्तखत र मिति

## अनुसूची - ७
### (नियम १० संग सम्बन्धित)

**दुर्गम क्षेत्र**

ताप्लेजुङ्ग, पाँचथर, सँखुवासभा, भोजपुर, तेह्रथुम, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग, रामेछाप, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, म्याग्दी, रोल्पा, रुकुम, हुम्ला, मुगु, डोल्पा, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख, बझाङ्ग, बाजुरा, अछाम, दार्चुला र बैतडी ।

**सुगम क्षेत्र**

**क.** इलाम, धनकटा, उदयपुर, दोलखा, सिन्धुली, धादिङ्ग, गोरखा, स्याङ्जा, लमजुंङ्ग, तनहुँ, बागलुङ्ग, पर्वत, नुवाकोट, गुल्मी, अर्घाखाँची, सल्यान, प्युठान, सुर्खेत, डडेलधुरा, डोटी, पाल्पा र सिन्धुपाल्चोक ।

**ख.** झापा, सुनसरी, मोरंग, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, बारा, पर्सा, रौतहट, चितवन, मकवानपुर, कपिलवस्तु, रुपन्देही, कास्की, नवलपरासी, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कन्चनपुर ।

.......................................................................................................................................

## अनुसूची - ८
### (नियम २१ को उपनियम (१) संग सम्बन्धित)

म................................ *ईश्वरको नाममा शपथ लिन्छु / सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु* कि श्री ५ महाराजाधिराजबाट मलाई न्याय परिषदको विशिष्ट कानुनविद् सदस्य तोकिबक्सेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ तथा कानुनप्रति पूर्ण बफादार रही सो पद सम्बन्धी काम काज निष्पक्ष र निर्भीक रही इमान्दारी साथ गर्नेछु ।

मिति: -

(हस्ताक्षर)

.......................................................................................................................................

## अनुसूची - ९
### (नियम २१ को उपनियम (२) संग सम्बन्धित)

..................पुनरावेदन/जिल्ला अदालतको मुख्य न्यायाधीश/न्यायाधीश/अतिरिक्त न्यायाधीशको पदमा नियुक्त भएको म............................................................ *ईश्वरको नाममा शपथ लिन्छु / सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु* कि नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रहि आफ्नो योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो कर्तव्यको पालन भय, पक्षपात, लोभ एवं द्वेषभाव नराखी निष्पक्षतापूर्वक निर्वाह गर्नेछु साथै संविधान र नेपाल कानुनको मर्यादा कायम राख्नेछु ।

मिति: -

.....................
(हस्ताक्षर)

.......................................................................................................................................

## अनुसूची - १०
### (नियम २१ को उपनियम (३) संग सम्बन्धित)

म............................ *ईश्वरको नाममा शपथ लिन्छु / सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु* कि श्री ५ महाराजाधिराजबाट मलाई न्याय परिषदको सचिव पदमा नियुक्त गरीबक्सेकोमा नेपाल अधिराज्यको संविधान, २०४७ तथा कानुनप्रति पूर्ण बफादार रही परिषद्को काम कारवाहीको गोपनीयता कायम राख्दै सो पद सम्बन्धी काम काज निष्पक्ष रही इमान्दारी साथ सम्पन्न गर्नेछु ।

मिति: -

(हस्ताक्षर)

# न्याय सेवा आयोग ऐन, २०४८

लालमोहर र प्रकाशन मिति:
२०४८/७/२८

२०४८ सालको ऐन नं. २६

## न्याय सेवा आयोगको अधिकार, कर्तव्य र कार्यविधिको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** न्याय सेवा आयोगको अधिकार, कर्तव्य र कार्यविधिको व्यवस्था गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "न्याय सेवा आयोग ऐन, २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा ९४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

(ङ) "सेवा" भन्नाले प्रचलित कानून बमोजिम श्री ५ को सरकारले गठन गरेको नेपाल न्याय सेवा सम्झनु पर्छ।

३. **आयोगले सिफारिश गर्ने:** आयोगले सेवाका राजपत्राङ्कित अधिकृतहरुको नियुक्ति सरुवा वा बढुवाको सिफारिश गर्दा वा त्यस्ता अधिकृतहरुलाई विभागीय सजाय गर्न सिफारिश गर्दा सेवा सम्बन्धी प्रचलित कानूनको अधीनमा रही गर्नेछ। सेवा सम्बन्धी प्रचलित कानूनको कुनै व्यवस्था अस्पष्ट भई दुविधा भएमा वा कुनै विषयको सम्बन्धमा कानूनमा व्यवस्था नभएको देखिएमा आयोगले नेपाल अधिराज्यको संविधान, २०४७ र प्रचलित कानूनको प्रतिकूल नहुने गरी उपयुक्त व्याख्या गरी सिफारिश गर्न सक्नेछ।

४. **विभागीय कारवाहीको सम्बन्धमा आयोगको परामर्श लिंदाको कार्यविधि:** (१) सेवाको राजपत्राङ्कित पदमा बहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्ने सम्बन्धमा आयोगको सिफारिशको निमित्त लेखी पठाउँदा के कस्तो कसूर गरे बापत त्यस्तो विभागीय सजाय गर्न लागिएको हो सो सम्बन्धी सबै कागजात र सम्बन्धित कर्मचारीको तर्फबाट कुनै स्पष्टीकरण पेश गरिएको भए सो समेत आयोगमा पठाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको कागजातको अतिरिक्त सो कर्मचारी सम्बन्धी अन्य कुनै विवरणको आवश्यकता परेमा आयोगले सम्बन्धित अधिकारीसंग माग गर्न सक्नेछ र त्यसरी आयोगबाट माग भएको विवरण उपलब्ध गराउनु सो अधिकारीको कर्तव्य हुनेछ।

५. **आयोगले कर्मचारीसित सोधपुछ गर्न सक्ने:** (१) दफा ४ बमोजिम प्राप्त कागजातबाट मात्र विषय वस्तुको यथार्थ जानकारी प्राप्त हुन नसक्ने देखिएमा आयोगले सम्बन्धित कर्मचारीलाई आफू समक्ष उपस्थित गराई आवश्यक सोधपुछ गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधपुछ गरिएको कर्मचारीले लिखित स्पष्टीकरण पेश गर्नको निमित्त समय मागेमा मुनासिब माफिकको समय दिनु पर्नेछ।

६. **आयोगले परामर्श दिन सक्ने:** सेवा सम्बन्धी अन्य कुनै कुरामा श्री ५ को सरकार वा कुनै संवैधानिक निकायले परामर्श मागेमा आयोगले परामर्श दिन सक्नेछ।

७. **आयोगले पाठ्यक्रम निर्धारण गरी परीक्षा सञ्चालन गर्ने:** (१) सेवा सम्बन्धी कानून बमोजिम बढुवा परीक्षाको निमित्त आवश्यक पाठ्यक्रम आयोगले निर्धारण गरे बमोजिमको हुनेछ।

(२) बढुवा परीक्षाको सञ्चालन आयोगले गर्ने गराउनेछ।

८. **आयोगको बैठक सम्बन्धी कार्यविधि:** (१) आयोगको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ।

(२) सचिवले आयोगको बैठकमा छलफल हुने विषयसूची तयार गरी बैठक बस्ने मिति, समय, विषयसूची तथा तत्सम्बन्धी विवरण सहितको सूचना कम्तिमा अठ्चालीस घण्टा अगाडी सबै सदस्यहरुले पाउने गरी पठाउनेछ।

(३) बैठकमा उपस्थित अध्यक्ष र सदस्यहरुको सहमतिले कुनै सदस्यले उपदफा (२) बमोजिम तोकिएको विषयसूचीमा नपरेको कुनै विषयमा बैठकमा मौखिक प्रस्ताव राख्न र त्यस्तो प्रस्ताव उपर छलफल गरी आयोगले निर्णय गर्न सक्नेछ।

(४) अध्यक्ष लगायत अरु दुईजना सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको निमित्त गणपूरक संख्या पुगेको मानिनेछ।

(५) आयोगको बैठकमा विचाराधीन प्रत्येक विषयमा बहुमतको आधारमा निर्णय लिइनेछ।

तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(६) आयोगको बैठकमा भएको निर्णयको अभिलेख सचिवले तयार गरी अध्यक्ष तथा सदस्यहरुको सही गराई राख्नेछ।

(७) आयोगको निर्णय सचिवले प्रमाणित गर्नेछ।

९. **आयोगले सल्लाह र सुझाव लिन सक्ने:** बैठकमा छलफल हुने विषयको सम्बन्धमा आयोगले आवश्यकतानुसार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव, सर्वोच्च अदालतको रजिष्ट्रार तथा मुख्य न्यायाधिवक्ताको सल्लाह र सुझाव लिन सक्नेछ।

१०. **आयोगको सचिव:** (१) न्याय परिषद्को सचिव आयोगको पदेन सचिव हुनेछ।

(२) सचिवको काम, कर्तव्य र अधिकार आयोगले निर्दिष्ट गरे बमोजिम हुनेछ।

११. **श्री ५ को सरकारसंग सम्पर्क:** आयोगले श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्दा वा अरु कुनै कामको सम्बन्धमा श्री ५ को सरकारसंग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१२. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न श्री ५ को सरकारले आयोगको सल्लाह लिई नियम बनाउन सक्नेछ।

१३. **खारेजी:** न्याय सेवा आयोग ऐन, २०२१ खारेज गरिएको छ।

# नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरुवा र बढुवा) नियमहरु, २०५१

**नेपाल राजपत्रमा प्रकाशित मिति**
२०५१/३/६

**संशोधन**
**नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरुवा र बढुवा) (पहिलो संशोधन) नियमहरु, २०५३** २०५३/९/११

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा बढुवा) नियमहरु, २०५१ रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल न्याय सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ ।

(च) "कर्मचारी" भन्नाले सेवाको निजामती कर्मचारी सम्झनु पर्छ ।

३. **सेवाको गठनः** ऐनको दफा ३ बमोजिम नेपाल न्याय सेवा गठन गरिएको छ ।

४. **सेवामा रहने समूह, श्रेणी र पदः** (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रका समान प्रकृतिका पदहरु समावेश भएका अनुसूची - १ बमोजिमका समूहहरु रहनेछन् ।

(२) सेवामा देहायका श्रेणीहरु रहनेछन्:-

(क) राजपत्रांकित

(१) विशिष्ट

(२) प्रथम

(३) द्वितीय

(४) तृतीय

(ख) राजपत्र अनङ्कित

(१) प्रथम

(२) द्वितीय

(३) तृतीय

(४) चतुर्थ

(३) सेवाको विशिष्ट श्रेणीमा अनुसूची - २ बमोजिमका पदहरु रहनेछन् ।

(४) विभिन्न समूहहरुमा रहने श्रेणीका र श्रेणी विहीन पदहरु अनुसूची - ३ बमोजिम हुनेछन् ।

५. **समूहीकृत गर्नेः** यी नियमहरु प्रारम्भ हुँदाको बखत देहायका कार्यालयमा कार्यरत नेपाल न्याय सेवाका कर्मचारीहरु मध्ये विशिष्ट श्रेणीका कर्मचारीहरु बाहेक अन्य श्रेणीका कर्मचारीहरु देहायको समूहहरुमा स्वतः समूहीकृत भएका मानिनेछन् :-

(क) सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत, न्याय परिषद् सचिवालय, राजश्व न्यायाधिकरण र प्रशासकीय अदालतमा कार्यरत कर्मचारीहरु न्याय समूहमा ।

(ख) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, न्याय सेवा तालिम केन्द्र, नेपाल कानून सुधार आयोग, मन्त्रिपरिषद् सचिवालय, विभिन्न मन्त्रालय र सो अन्तर्गतका विभाग तथा कार्यालय, जल तथा शक्ति आयोग, राष्ट्रिय योजना आयोगको सचिवालय, संसद सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोक सेवा आयोगमा कार्यरत कर्मचारीहरु (सरकारी वकील बाहेक) कानून समूहमा ।

(ग) महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरु र विभिन्न सरकारी निकायहरुमा कार्यरत सरकारी वकीलहरु सरकारी वकील समूहमा ।

६. **रिक्त पदको पूर्तिः** (१) सेवा तथा समूहका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) सेवा तथा समूहमा रिक्त रहेको राजपत्राङ्कित पदको पूर्ति आयोगको सिफारिशमा गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समूहको राजपत्राङ्कित पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा वा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाद्वारा पूर्ति गर्दा उम्मेदवारको उपयुक्तताको सम्बन्धमा लोक सेवा आयोगको परामर्श प्राप्त भएको हुनुपर्नेछ ।

(४) श्रेणी विहीन पदहरु शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

७. **पदपूर्ति प्रतिशतको आधारमा पदसंख्या निर्धारण गर्नेः** सेवाको समूहमा रिक्त पदहरुमध्ये ऐनको दफा ७ बमोजिम पूर्ति हुने प्रतिशतको आधारमा आयोगले राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पद संख्या निर्धारण गर्नेछ ।

८. **नियुक्तिको लागि योग्यताः** सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची-४ बमोजिमको योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सकनेछन् ।

९. **सेवा, समूह परिवर्तन गर्नेः** श्री ५ को सरकारले कुनै पनि कर्मचारीलाई निजको शैक्षिक योग्यता, कार्य क्षमता, विशिष्ठता र दक्षता समेतको आधारमा ऐनको दफा २६ बमोजिम सेवा तथा समूह परिवर्तन गर्न सक्नेछ । राजपत्राङ्कित कर्मचारीको सेवा समूह परिवर्तन गर्दा आयोगको समेत सहमति लिनु पर्नेछ ।

१०. **कार्य सम्पादनको मूल्याङ्कनको आधारमा हुने बढुवाको सूचना प्रकाशन र दरखास्तः** (१) नियम ७ बमोजिम पदपूर्ति प्रतिशत तथा पदसंख्या निर्धारण भएपछि आयोगले कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुको विवरण सहितको सूचना प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गर्ने (असार मसान्तको हिसाबले) अवधि, शैक्षिक योग्यता, बढुवा हुने पदको विवरण तथा

संख्या, पद रिक्त भएको कार्यालय, दरखास्त दिने अन्तिम म्याद र स्थान समेत खुलाउनु पर्नेछ ।

(३) बढुवाको लागि योग्यता पुगेका सम्बन्धित उम्मेदवारले उपनियम (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र आयोगद्वारा निर्धारित ढाँचामा दरखास्त पेश गर्नु पर्नेछ ।

११. **कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवारः** (१) कुनै समूहमा रिक्त राजपत्राङ्कित पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्नको निमित्त त्यस्तो रिक्त पद भन्दा एक श्रेणी मुनिको पदमा नियमावलीको नियम ७५ को खण्ड (ख) बमोजिम सेवा अवधि र हाल बहाल रहेको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सम्बन्धित समूहका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुनेछ ।

तर-

(क) ऐनको दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता बाहेक राजपत्राङ्कित द्वितीय श्रेणी भन्दा माथिको पदमा हुने बढुवाको लागि पनि राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिने छ ।

(ख) यी नियमहरु प्रारम्भ हुँदाका बखत सेवामा बहाल रहेका राजपत्राङ्कित कर्मचारीहरुको हकमा रिक्त पदहरुको पच्चीस प्रतिशतसम्म पदका लागि सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेका कर्मचारीहरु पनि सम्भाव्य उम्मेदवार हुन सकनेछन् ।

(२) कुनै समूहमा रिक्त राजपत्र अनङ्कित पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्नको निमित्त त्यस्तो रिक्त पद भन्दा एक श्रेणी मुनिको पदमा नियमावलीको नियम ७५ को खण्ड (क) बमोजिम सेवा अवधि र हाल बहाल रहेको पदमा सेवा प्रवेशको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका देहायका कार्यालयहरुका लागि देहाय बमोजिमका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुनेछन्:-

ψ(क) सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, प्रशासकीय अदालत वा श्रम अदालतमा रिक्त पदहरुका लागि सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, प्रशासकीय अदालत र श्रम अदालतका कर्मचारीहरु ।

(ख) राजस्व न्यायाधिकरणमा रिक्त पदहरुका लागि सोही कार्यालयका कर्मचारीहरु ।

(ग) पुनरावेदन अदालत वा सो अदालतको क्षेत्र अन्तर्गतका जिल्ला अदालतहरुमा रिक्त राजपत्र अनङ्कित प्रथम श्रेणीको पदहरुका लागि सम्बन्धित पुनरावेदन अदालत र सो अदालतको क्षेत्र अन्तर्गतका जिल्ला अदालतहरुमा कार्यरत कर्मचारीहरु ।

(घ) जिल्ला अदालतमा रिक्त राजपत्र अनङ्कित प्रथम श्रेणी बाहेक अन्य राजपत्र अनङ्कित पदहरुका लागि सोही अदालतमा कार्यरत कर्मचारीहरु ।

(ङ) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, नेपाल कानून सुधार आयोग, न्याय सेवा तालिम केन्द्र वा विभिन्न सरकारी निकायमा रिक्त पदहरुका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, नेपाल कानून सुधार आयोग, न्याय सेवा तालिम केन्द्र र विभिन्न सरकारी निकायमा कार्यरत कर्मचारीहरु ।

(च) महान्यायाधिवक्ताको कार्यालयमा रिक्त पदहरुको लागि सोही कार्यालयमा कार्यरत कर्मचारीहरु ।

(छ) पुनरावेदन सरकारी वकील कार्यालय वा सो कार्यालयको क्षेत्र अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयमा रिक्त पदहरुको लागि सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय र सो कार्यालयको क्षेत्र अनतर्गतका जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरु ।

(३) यी नियमहरु प्रारम्भ हुँदाका बखत सेवामा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरुको हकमा रिक्त पद भन्दा सम्भाव्य उम्मेदवारहरुको संख्या कम भएमा त्यस्तो कम हुन आउने रिक्त पदको लागि हाल बहाल रहेको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नपुगेका कर्मचारीहरु पनि कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पद पूर्ति प्रतिशत निर्धारण भई बढुवाको लागि पदसंख्या छुट्याइ सकेपछि सम्बन्धित कार्यालयबाट कुनै कर्मचारीको सरुवा अन्य कार्यालयमा भए तापनि निजलाई साविकको कार्यालयमा छुट्याइएको पदमा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनबाट बञ्चित गरिने छैन ।

१२. **बढुवा समितिः** (१) सेवाका राजपत्र अनङ्कित पदमा बढुवा गर्ने नियमावलीको नियम ७२ बमोजिमका बढुवा समितिहरु हुनेछन् ।

(२) बढुवा समितिको सचिवालयको काम पद रिक्त रहेको सम्बन्धित निकायले गर्नेछ ।

#तर कानून समूहमा रिक्त रहेको पदको लागि बढुवा समितिको सचिवालयको काम कानून तथा न्याय मन्त्रालयले गर्नेछ ।

(३) बढुवा समितिको बैठक नियमावलीको निग्म ७३ को उपनियम (३) बमोजिम बस्नेछ ।

१३. **जेष्ठता निर्धारण**: नियमावलीको नियम ७७ मा निर्धारित आधार बमोजिम कर्मचारीको जेष्ठता कायम हुन नसकेमा आयोगले राजपत्राङ्कित कर्मचारीको सम्बन्धमा उचित र न्यायसङ्गत तरिकाबाट जेष्ठता निर्धारण गर्न सक्नेछ ।

१४. **कार्य सम्पादनको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा नियमावलीको अनुसूची-१५ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ र सोही फाराममा उल्लिखित आधार अनुरुप मूल्याङ्कन गरिनेछ ।

(२) कार्य सम्पादन मूल्याङ्कनको लागि सुपरीवेक्षक र पुनरावलोकनकर्ता नियमावलीको नियम ७८ को उपनियम (२) बमोजिम हुनेछन् ।

तर पुनरावेदन अदालतका राजपत्राङ्कित तृतीय श्रेणी र द्वितीय श्रेणीका कर्मचारीहरु र जिल्ला अदालतका सबै कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको लागि सुपरीवेक्षक र पुनरावलोकनकर्ता अनुसूची-५ बमोजिम हुनेछन् ।

---

ψ पहिलो संशोधनद्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा थप ।

(३) विभिन्न समूहका राजपत्राङ्कित प्रथम, द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरु र जिल्ला अदालतका राजपत्र अनंकित कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनको प्रयोजनको लागि अनुसूची - ६ बमोजिमको पुनरावलोकन समिति रहनेछ ।

१५. **बढुवाको नामावली प्रकाशन:** आयोगले कार्य क्षमताको मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिश भएका राजपत्राङ्कित कर्मचारीको नामावली सार्वजनिक रुपमा प्रकाशन गर्नेछ । त्यस्तो नामावलीमा सबै भन्दा न्यूनतम अंक प्राप्त गर्ने कर्मचारीले प्राप्त गरेको अंक समेत उल्लेख गर्नुपर्नेछ । त्यसरी बढुवा नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारले आफूले प्राप्त गरेको अंक हेर्न चाहेमा कार्य सम्पादनको अंक बाहेक अन्य आधारहरु वापत निजले प्राप्त गरेको अंक हेर्न दिनु पर्नेछ ।

१६. **बढुवामा चित्त नबुझ्ने उम्मेद्वारले निवेदन दिन सक्ने:** (१) सेवाको राजपत्राङ्कित पदमा कार्य क्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवामा स्थान नपाई चित्त नबुझ्ने सम्बन्धित कर्मचारीले सो बढुवा निर्णय उपर पुनरावलोकनको लागि निवेदन दिन चाहेमा नियम १५ बमोजिम बढुवाको नामावली प्रकाशित भएको मितिले पैतीस दिन भित्र आयोगमा निवेदन दिन सक्नेछ । त्यसरी निवेदन दिने कर्मचारीले निवेदनमा आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधारहरु समेत खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर आयोगले पुनरावलोकन गरी निवेदन परेको मितिले साठी दिन भित्र सो निवेदनको टुंगो लगाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपनियम (२) बमोजिम टुंगो लागेपछि पहिलो पटक प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा आयोगले त्यस्तो संशोधित नामावली प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम पर्न आएको निवेदन आधारहीन ठहरिएमा सो को कारण समेत खोली त्यसको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

१७. **बढुवा मिति र बढुवा नियुक्ति:** (१) नियम १५ बमोजिम बढुवाको नामावली प्रकाशित भएपछि नियम १६ को प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट पैतीस दिनसम्म बढुवा सिफारिश पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ । बढुवा सिफारिश उपर पुनरावलोकनको लागि आयोगमा निवेदन नपरेमा सो नामावली प्रकाशित भएको मितिले छत्तीसौं दिनको मितिबाट बढुवा हुने श्रेणीको जेष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिश उपर नियम १६ बमोजिम निवेदन परेमा देहाय अनुसार जेष्ठता मिति कायम गरी नियुक्ति दिइनेछ :-

(क) नियम १६ को उपनियम (३) बमोजिम बढुवा सिफारिश संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नामावली प्रकाशन भएको मितिदेखि, र

(ख) निवेदन खारेज भएमा वा पहिलेको बढुवा सिफारिश नै कायम भएमा पहिलो पटक बढुवा सिफारिश प्रकाशित भएको मितिले छत्तीसौं दिनदेखि ।

१८. **प्रतियोगितात्मक परीक्षाद्वारा बढुवाको लागि विज्ञापन गर्ने:** कुनै समूहको राजपत्राङ्कित पदमा आन्तरिक वा अन्तरसेवा प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि आयोगले बढुवा हुने पदहरुको संख्या तथा विवरण आवश्यक शैक्षिक योग्यता, सेवा अवधि, दरखास्त दिने अन्तिम मिति तथा दरखास्त बुझाउने स्थान समेत खुलाई सम्बन्धित उम्मेदवारको जानकारीको लागि विज्ञापन गर्नु पर्नेछ ।

१९. **प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा उम्मेदवारको व्यवस्था:** (१) कुनै समूहको रिक्त पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरी पूर्ति गर्दा त्यस्तो रिक्त पदभन्दा एक श्रेणी मुनिको पदमा नियमावलीको नियम ७५ बमोजिमको सेवा अवधि र हाल वहाल रहेको पदमा सेवा प्रवेशको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सेवाका कर्मचारीहरु उम्मेदवार हुन सक्नेछन् ।

(२) सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिव स्तरको रिक्त पद अन्तरसेवा प्रतिस्पर्धाद्वारा पूर्ति गर्नको निमित्त सो रिक्त पदभन्दा एक श्रेणी मुनिको जुनसुकै सेवा अन्तर्गतको पदमा नियमावलीको नियम ७५ बमोजिमको सेवा अवधि र सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता पुगेका सबै निजामती कर्मचारीहरु सम्मिलित हुन पाउने छन् ।

२०. **प्रतियोगितात्मक परीक्षामा बढुवाको आधार:** (१) नियम १९ बमोजिम आन्तरिक प्रतियोगितात्मक वा अन्तरसेवा प्रतिस्पर्धात्मक परीक्षाद्वारा बढुवा गर्दा आयोगले सञ्चालन गरेको परीक्षामा सफल हुने उम्मेदवारहरु मध्येबाट सिफारिश गरेको आधारमा बढुवा गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षा लिदा रिक्त पदको लागि उपयुक्तता जाँच्ने किसिमको सैद्धान्तिक ज्ञानको साथै व्यावहारिक ज्ञानको परीक्षणमा विशेष जोड दिइनेछ ।

२१. **परीक्षा र पाठ्यक्रम सम्बन्धी व्यवस्था:** (१) विभिन्न समूहको राजपत्राङ्कित पदमा आन्तरिक वा अन्तरसेवा प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि आयोगले लिखित, अन्तरवार्ता वा आयोगले तोकेको अन्य तरिका मध्ये कुनै एक वा सबै तरिकाद्वारा परीक्षा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षाको निमित्त पाठ्यक्रम निर्धारण गर्न तथा परीक्षा संचालन गर्न आयोगलाई सल्लाह र सहयोग दिनको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव, महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता, सर्वोच्च अदालतको रजिष्ट्रार र न्याय परिषद्को सचिव सम्मिलित एक सल्लाहकार समिति रहनेछ ।

२२. **नियम लागू नहुने:** सेवाको विशिष्ठ श्रेणीको पदमा हुने बढुवाको सम्बन्धमा नियम १०, १५ र १६ लागू हुने छैनन् ।

२३. **काज सम्बन्धी व्यवस्था:** सेवा वा समूहका राजपत्राङ्कित कर्मचारीलाई निज कार्यरत रहेको कार्यालयबाट अन्य कार्यालयमा तीन महिना भन्दा बढी अवधिको लागि काजमा राख्नु पर्दा आयोगको सहमति लिनु पर्नेछ ।

२४. **सरुवाको व्यवस्था:** समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद-६ को अधीनमा रही समूह भित्रको पदमा मात्र गरिनेछ ।

२५. **आयोगको सिफारिश लिनु पर्ने:** श्री ५ को सरकारले नियमावलीको नियम १०३ र १०४ बमोजिम सेवाका राजपत्राङ्कित कर्मचारीको सेवा अवधि थप गर्दा वा नियमावलीको नियम १०५ बमोजिम सेवाबाट अवकाश दिंदा आयोगको सिफारिश लिनु पर्नेछ ।

२६. **अनुसूचीमा हेरफेर वा थपघट:** श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

२७. **खारेजी र बचाउ:** (१) नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२९ खारेज गरिएको छ । उक्त नियमावली बमोजिम भए गरेका काम कारवाहीहरु यी नियमहरु बमोजिम नै भए गरेका मानिनेछन् ।

(२) यी नियमहरुमा लेखिए जतिमा यीनै नियमहरु बमोजिम र अरुमा नियमावली बमोजिम हुनेछ ।

## अनुसूची-१

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

**सेवामा रहने समूहहरु**

(क) न्याय समूह,
(ख) कानून समूह,
(ग) सरकारी वकील समूह ।

................................................................

## अनुसूची-२

(नियम ४ को उपनियम (३) संग सम्बन्धित)

**सेवाको विशिष्ट श्रेणीमा रहने पदहरु**

(क) सचिव
(ख) रजिष्ट्रार
(ग) वरिष्ठ सरकारी अधिवक्ता
(घ) विशेष सचिव ।

................................................................

## अनुसूची-३

(नियम ४ को उपनियम (४) संग सम्बन्धित)

**सेवाको समूहमा रहने पदहरु**

| (क) न्याय समूहमा रहने पदहरु | (ख) कानून समूहमा रहने पदहरु | (ग) सरकारी वकील समूहमा रहनेपदहरु |
|---|---|---|
| **१. राजपत्राङ्कित प्रथम श्रेणी** | **१. राजपत्राङ्कित प्रथम श्रेणी** | **१.राजपत्राङ्कित प्रथम श्रेणी** |
| रजिष्ट्रार | सह-सचिव | सरकारी अधिवक्ता |
| सह-रजिष्ट्रार | तालीम प्रमुख | |
| सह-सचिव | कार्यकारी निर्देशक | |
| **२. राजपत्राङ्कित द्वितीय श्रेणी** | **२. राजपत्राङ्कित द्वितीय श्रेणी** | **२. राजपत्राङ्कित द्वितीय श्रेणी** |
| उप-सचिव | उप-सचिव | उप-सरकारी अधिवक्ता |
| रजिष्ट्रार | उप-तालीम प्रमुख | जिल्ला सरकारी अधिवक्ता |
| उप-रजिष्ट्रार | कानून अधिकृत | अनुसन्धान अधिकृत |
| अनुसन्धान अधिकृत | | |
| सम्पादक | | |
| ईजलास सहायक | | |
| निजी सहायक | | |
| **३. राजपत्राङ्कित तृतीय श्रेणी** | **३. राजपत्राङ्कित तृतीय श्रेणी** | **३. राजपत्राङ्कित तृतीय श्रेणी** |
| शाखा अधिकृत | शाखा अधिकृत | शाखा अधिकृत |
| श्रेस्तेदार | कानून अधिकृत | जिल्ला सरकारी अधिवक्ता |
| तहसिलदार | | सहायक जिल्ला सरकारी अधिवक्ता |
| निजी सहायक | | निजी सहायक |
| φ रजिष्ट्रार | | |
| **४.रा. प. अनंकित प्रथम श्रेणी** | **४. रा.प. अनंकित प्रथम श्रेणी** | **४. रा.प. अनंकित प्रथम श्रेणी** |
| नायब सुब्बा | नायब सुब्बा | नायब सुब्बा |
| श्रेस्तेदार | | |
| तहसिलदार | | |
| **५रा.प. अनंकित द्वितीय श्रेणी** | **५.रा.प. अनंकित द्वितीय श्रेणी** | **५.राजपत्र अनंकित द्वितीय श्रेणी** |
| खरिदार | खरिदार | खरिदार |
| डिट्ठा | | |
| **६. रा.प.अनंकित तृतीय श्रेणी** | **६. रा.प. अनंकित तृतीय श्रेणी** | **६. रा.प.अनंकित तृतीय श्रेणी** |
| मुखिया | मुखिया | मुखिया |
| विचारी | | |
| **७. राजपत्र अनंकित चतुर्थ श्रेणी** | | |
| वहिदार | | |
| तामेल्दार | | |
| **८. श्रेणी विहीन पद** | **८. श्रेणी विहीन पद** | **८. श्रेणी विहीन पद** |
| श्री ५ को सरकारले तोके बमोजिम | श्री ५ को सरकारले तोके बमोजिम | श्री ५ को सरकारले तोके बमोजिम |

φ पहिलो संशोधनद्वारा थप ।

## अनुसूची - ४

(नियम ८ संग सम्बन्धित)

**सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता**

| क्र.सं. पद | न्यूनतम योग्यता |
|---|---|
| १. श्रेणी विहीन पद | श्री ५ को सरकारले तोके बमोजिमको योग्यता |
| २. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण |
| ३. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण |
| ४.राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थानबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण |
| ५. राजपत्र अनंकित प्रथम श्रेणीको पद | Φमान्यता प्राप्त शिक्षण संस्थानबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण |
| ६. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण |
| ७. राजपत्र पत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

Φ पहिलो संशोधनद्वारा संशोधित ।

**स्पष्टीकरण**

यस अनुसूचीको प्रयोजनको लागि मान्यता प्राप्त शिक्षण संस्था भन्नाले लोकसेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था संभन्नु पर्छ।

## अनुसूची-५
**(नियम १४ को उपनियम (२) संग सम्बन्धित)**

**सुपरिवेक्षक र पुनरावलोकनकर्ता**

**(क) पुनरावेदन अदालतको लागि :-**

| श्रेणी | सुपरिवेक्षक | पुनरावलोकनकर्ता |
|---|---|---|
| १. रा.प. द्वितीय | पुनरावेदन अदालतको रजिष्ट्रार | पुनरावेदन अदालतका मुख्य न्यायाधीशले तोकेको सोही पुनरावेदन अदालतको न्यायाधीश |
| २. रा.प.तृतीय | पुनरावेदन अदालतका रजिष्ट्रारले तोकको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत | पुनरावेदन अदालतको रजिष्ट्रार |

**(ख) जिल्ला अदालतको लागि :-**

| | | |
|---|---|---|
| १. राजपत्राङ्कित तृतीय | जिल्ला न्यायाधीश | जिल्ला न्यायाधीश |
| २. राजपत्र अनंकित | अधिकृत स्तरको श्रेस्तेदार भएमा निज र त्यस्तो श्रेस्तेदार नभएमा जिल्ला न्यायाधीश। | जिल्ला न्यायाधीश |

## अनुसूची-६

**(नियम १४ को उपनियम (३) संग सम्बन्धित)**

**पुनरावलोकन समिति**

**(अ) सर्वोच्च अदालतः**

**(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-**

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश-अध्यक्ष
२. सर्वोच्च अदालतको रजिष्ट्रार- सदस्य
३. न्याय सेवा आयोगको सचिव- सदस्य

**(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि-**

१. सर्वोच्च अदालतको रजिष्ट्रार- अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव- सदस्य
३. सर्वोच्च अदालतको सह-रजिष्ट्रार (कर्मचारी प्रशासन हेर्ने)- सदस्य

**(आ) पुनरावेदन अदालतः**

**(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-**

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश-अध्यक्ष
२. सर्वोच्च अदालतको रजिष्ट्रार- सदस्य
३. न्याय सेवा आयोगको सचिव- सदस्य

**(ख) राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको लागि-**

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश- अध्यक्ष
२. सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य
३. सम्बन्धित सुपरिवेक्षक- सदस्य

**(इ) जिल्ला अदालतः**

**(क) राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको लागि-**

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश- अध्यक्ष
२. सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य
३. सम्बन्धित सुपरिवेक्षक- सदस्य

**(ख) राजपत्र अनंकित कर्मचारीको लागि-**

१. सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको सोही अदालतको न्यायाधीश- अध्यक्ष
२. सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य
३. सम्बन्धित सुपरिवेक्षक- सदस्य

**(ई) प्रशासकीय अदालतः**

**(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-**

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश- अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव- सदस्य
३. प्रशासकीय अदालतको अध्यक्ष- सदस्य

**(ख) राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको लागि-**

१. प्रशासकीय अदालतको अध्यक्ष- अध्यक्ष
२. प्रशासकीय अदालतको अध्यक्षले तोकेको सोहीअदालतको सदस्य-सदस्य
३. प्रशासकीय अदालतको रजिष्ट्रार- सदस्य

**(उ) न्याय परिषद् सचिवालयः**

**(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-**

१. न्याय परिषद्को अध्यक्षले तोकेको न्याय परिषद्को सदस्य-अध्यक्ष
२. न्याय परिषद्को सचिव- सदस्य
३. सर्वोच्च अदालतको रजिष्ट्रार- सदस्य

**(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि-**

१. न्याय परिषद्को सचिव- अध्यक्ष
२. न्याय परिषद् सचिवालयको सह-सचिव- सदस्य
३. सर्वोच्च अदालतको सह-रजिष्ट्रार- सदस्य

δ**(उ१) श्रम अदालतः**

**(क) राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको लागि-**

१. श्रम अदालतको मुद्दा हेर्ने अधिकारी अ अध्यक्ष
२.सर्वोच्च अदालतको सह-रजिष्ट्रार (प्रशासन हेर्ने)- सदस्य
३. न्याय परिषद्को सह-सचिव- सदस्य

---

δ पहिलो संशोधनद्वारा थप।

(ऊ) कानून समूह:

(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-

१. कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव- अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव- सदस्य
३. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र न्याय सेवा तालीम केन्द्रको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको विशेष सचिव र अन्य निकायमा कार्यरत कर्मचारीको लागि सम्बन्धित निकायको विभागीय प्रमुख- सदस्य

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका कर्मचारीको लागि-

१.कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव- अध्यक्ष
२. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको विशेष सचिव- सदस्य
३. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा कार्यरत कर्मचारीको लागि सोही मन्त्रालयका सह-सचिव(प्रशासन हेर्ने) र अन्य निकायमा कार्यरत कर्मचारीको लागि सम्बन्धित निकाय विभागीय प्रमुख- सदस्य

(ए) सकरारी वकील समूह:

(क) राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको लागि-

१. महान्यायाधिवक्ता- अध्यक्ष
२. न्याय सेवा आयोगको सचिव- सदस्य
३. महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता-सदस्य

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीको कर्मचारीको लागि-

१.महान्यायाधिवक्ताको कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता- अध्यक्ष
२. महान्यायाधिवक्ताको कार्यालय र सो अन्तर्गतका कार्यालयको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव (प्रशासन हेर्ने) र अन्य निकायमा कार्यरत सरकारी वकील समूहका कर्मचारीको लागि सम्बन्धित विभागीय प्रमुख- सदस्य
३. महान्यायाधिवक्ताको कार्यालयको सरकारी अधिवक्ता (प्रशासन हेर्ने)- सदस्य

# खण्ड–ग

# परिशिष्टहरू

## परिशिष्ट– १ (क)

### (अ) पुनरावेदन अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरुको सरुवा विवरण

| क्र.सं. | न्यायाधीशको नाम, हालको पद र अदालत | सरुवा हुने पद र अदालत |
|---|---|---|
| १. | श्री बलिराम कुमार<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., विराटनगर | मुख्य न्यायाधीश<br>पु.वे.अ., जुम्ला |
| २. | श्री राम प्रसाद श्रेष्ठ<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., पोखरा | मुख्य न्यायाधीश<br>पु.वे.अ., दिपायल |
| ३. | श्री खिलराज रेग्मी<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., पाटन | मुख्य न्यायाधीश<br>पु.वे.अ., तुल्सीपुर |
| ४. | श्री शारदा प्रसाद पण्डित<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., राजविराज | मुख्य न्यायाधीश<br>पु.वे.अ., विराटनगर |
| ५. | श्रीमती शारदा श्रेष्ठ<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., तुल्सीपुर | मुख्य न्यायाधीश<br>पु.वे.अ., राजविराज |
| ६. | श्री ध्रुवनाथ उपाध्याय<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., बुटवल | मुख्य न्यायाधीश<br>पु.वे.अ., नेपालगञ्ज |
| ७. | श्री हरिजंग सिजापति<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., नेपालगञ्ज | मुख्य न्यायाधीश<br>पु.वे.अ., पाटन |
| ८. | श्री राजेन्द्र कुमार भण्डारी<br>मुख्य न्यायाधीश<br>पु.वे.अ., इलाम | मुख्य न्यायाधीश<br>पु.वे.अ., बुटवल |
| ९. | श्री कामानन्द प्रसाद देव,<br>न्यायाधीश<br>पु.वे.अ., जुम्ला | न्यायाधीश<br>पु.वे.अ., तुल्सीपुर |
| १०. | श्री दिपेन्द्र उपाध्याय,<br>न्यायाधीश<br>पु.वे.अ.,महेन्द्रनगर | न्यायाधीश<br>पु.वे.अ., इलाम |
| ११. | श्री माधवराज थापा,<br>न्यायाधीश<br>पु.वे.अ., सुर्खेत | न्यायाधीश<br>पु.वे.अ., पोखरा |
| १२. | श्रीमती गौरी ढकाल,<br>न्यायाधीश<br>पु.वे.अ., पाटन | न्यायाधीश<br>पु.वे.अ., महेन्द्रनगर |
| १३. | श्री दामोदर प्रसाद शर्मा,<br>न्यायाधीश<br>पु.वे.अ., पाटन | न्यायाधीश<br>पु.वे.अ., दिपायल |
| १४. | श्री माधव प्रसाद ओझा,<br>न्यायाधीश<br>पु.वे.अ., इलाम | न्यायाधीश<br>पु.वे.अ., जुम्ला |
| १५. | श्री ताहिरअली अन्सारी,<br>न्यायाधीश<br>पु.वे.अ., पोखरा | न्यायाधीश<br>पु.वे.अ., बुटवल |
| १६. | श्री नन्दराज अधिकारी,<br>न्यायाधीश<br>पु.वे.अ., धनकुटा | न्यायाधीश<br>पु.वे.अ., जनकपुर |
| १७. | श्री राजेन्द्र प्रसाद कोइराला,<br>न्यायाधीश<br>पु.वे.अ., नेपालगञ्ज | न्यायाधीश<br>पु.वे.अ., पाटन |
| १८. | श्री ऋषीराज जोशी,<br>न्यायाधीश<br>पु.वे.अ., पाटन | न्यायाधीश<br>पु.वे.अ., नेपालगञ्ज |
| १९. | श्री गोविन्द प्रसाद पराजुली,<br>न्यायाधीश<br>पु.वे.अ., जनकपुर | न्यायाधीश<br>पु.वे.अ., बुटवल |
| २०. | श्री रण बहादुर बम,<br>न्यायाधीश<br>पु.वे.अ., बुटवल | न्यायाधीश<br>पु.वे.अ., पाटन |
| २१. | श्री विष्णु प्रसाद ढकाल,<br>न्यायाधीश<br>पु.वे.अ., जुम्ला | न्यायाधीश<br>पु.वे.अ., जनकपुर |
| २२. | श्री यमनारायण धिताल,<br>न्यायाधीश<br>पु.वे.अ., दिपायल | न्यायाधीश<br>पु.वे.अ., पोखरा |
| २३. | श्री मोहन प्रकाश सिटौला,<br>न्यायाधीश<br>पु.वे.अ., जुम्ला | न्यायाधीश<br>पु.वे.अ., जनकपुर |
| २४. | श्री गिरिशचन्द्र लाल,<br>न्यायाधीश<br>पु.वे.अ., पोखरा | न्यायाधीश<br>पु.वे.अ., पाटन |
| २५. | श्री वैद्यनाथ उपाध्याय,<br>न्यायाधीश<br>पु.वे.अ., बाग्लुङ | न्यायाधीश<br>पु.वे.अ., पाटन |

२६. श्री गोपाल पराजुली,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., पोखरा — पु.वे.अ., बाग्लुङ

२७. श्री तर्कराज भट्ट,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., सुर्खेत — पु.वे.अ., राजविराज

२८. श्री रामजी प्रसाद त्रिपाठी,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., तुल्सीपुर — पु.वे.अ., इलाम ।

२९. श्री सामन्त सिंह बोगटी,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., राजविराज — पु.वे.अ., धनकुटा ।

३०. श्री धिरेन्द्र बहादुर विष्ट,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., नेपालगञ्ज — पु.वे.अ., बुटवल

३१. श्री दामोदर पुरुष ढकाल,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., दिपायल — पु.वे.अ., राजविराज

३२. श्री ज्ञानेन्द्र बहादुर कार्की,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., इलाम — पु.वे.अ., पाटन

३३. श्री सोम बहादुर कोइराला,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., तुल्सीपुर — पु.वे.अ., दिपायल

३४. श्री केशरीराज पण्डित,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., विराटनगर — पु.वे.अ., जनकपुर

३५. श्री कृष्ण प्रसाद श्रेष्ठ,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., जनकपुर — पु.वे.अ., पाटन

३६. श्री जगन्नाथ पाठक,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., जुम्ला — पु.वे.अ., नेपालगञ्ज

३७. श्री दुर्गा प्रसाद उप्रेती,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., हेटौंडा — पु.वे.अ., इलाम

३८. श्री भुपध्वज अधिकारी,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., महेन्द्रनगर — पु.वे.अ., जुम्ला

३९ श्री विनोद प्रसाद ढुङ्गेल,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., तुल्सीपुर — पु.वे.अ., हेटौंडा

४०. श्री बोधरीराज पाण्डे,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., दिपायल — पु.वे.अ., विराटनगर

४१. श्री लक्ष्मी प्रसाद दाहाल,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., जनकपुर — पु.वे.अ., हेटौंडा

४२. श्री कृष्ण प्रसाद वस्याल,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., नेपालगञ्ज — पु.वे.अ., विराटनगर

४३. श्री हरिबाबु भट्टराई,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., राजविराज — पु.वे.अ., पाटन

४४. श्री हरिराम कोइराला,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., पोखरा — पु.वे.अ., हेटौंडा

४५. श्री केशरमान पती,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., इलाम — पु.वे.अ., पाटन

४६. श्री हरि प्रसाद घिमिरे,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., इलाम — पु.वे.अ., पोखरा

४७. श्री मोहन प्रसाद घिमिरे,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., इलाम — पु.वे.अ., राजविराज

४८. श्री ऋषिराज मिश्र,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., धनकुटा — पु.वे.अ., जनकपुर

४९. श्री गोविन्द कुमार श्रेष्ठ,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., महेन्द्रनगर — पु.वे.अ., विराटनगर

५०. श्री आत्मराम भट्टराई,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., धनकुटा — पु.वे.अ., हेटौंडा

५१. श्री बुद्धि प्रसाद रेग्मी,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., बुटवल — पु.वे.अ., राजविराज

५२. श्री हरि बहादुर बस्नेत,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., धनकुटा — पु.वे.अ., नेपालगञ्ज

५३. श्री राघवलाल वैद्य,
न्यायाधीश — न्यायाधीश
पु.वे.अ., बाग्लुङ — पु.वे.अ., विराटनगर

५४. श्री गौरी बहादुर कार्की,
न्यायाधीश | न्यायाधीश
पु.वे.अ., जुम्ला | पु.वे.अ., राजविराज

५५. श्री राम प्रसाद खनाल,
न्यायाधीश | न्यायाधीश
पु.वे.अ., सुर्खेत | पु.वे.अ., बुटवल

५६. श्री राजेन्द्र प्रसाद राजभण्डारी,
न्यायाधीश | न्यायाधीश
पु.वे.अ., दिपायल | पु.वे.अ., राजविराज

५७. श्री महेश्वरलाल मिश्र,
अतिरिक्त न्यायाधीश | अतिरिक्त न्यायाधीश
पु.वे.अ., राजविराज | पु.वे.अ., जुम्ला

५८. श्री परशुराम झा,
अतिरिक्त न्यायाधीश | अतिरिक्त न्यायाधीश
पु.वे.अ., राजविराज | पु.वे.अ., दिपायल

५९. श्री चोलेन्द्र शम्सेर ज. ब. रा.,
अतिरिक्त न्यायाधीश | अतिरिक्त न्यायाधीश
पु.वे.अ., विराटनगर | पु.वे.अ., सुर्खेत

## (आ) जिल्ला न्यायाधीशहरुको सरुवा विवरण

| क्र.सं. | नाम, पद र अदालत | सरुवा भएको पद र अदालत |
|---|---|---|
| १. | श्री श्याम किशोर प्रसाद<br>जिल्ला न्यायाधीश<br>रसुवा जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>रुपन्देही जिल्ला अदालत |
| २. | श्री प्रेमप्रसाद सिलवाल<br>जिल्ला न्यायाधीश<br>सर्लाही जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>भक्तपुर जिल्ला अदालत |
| ३. | श्री भोलाप्रसाद खरेल<br>जिल्ला न्यायाधीश<br>झापा जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>चितवन जिल्ला अदालत |
| ४. | श्री गिरिश कुमार शर्मा<br>अतिरिक्त जिल्ला न्यायाधीश<br>काठमाडौं जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>सिन्धुली जिल्ला अदालत |
| ५. | श्री जगदीश शर्मा पौडेल<br>जिल्ला न्यायाधीश<br>रुपन्देही जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>पर्सा जिल्ला अदालत |
| ६. | श्री कमल चन्द्र नेपाल<br>जिल्ला न्यायाधीश<br>सुनसरी जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>महोत्तरी जिल्ला अदालत |
| ७. | श्री रामेश्वरनाथ अमात्य<br>जिल्ला न्यायाधीश<br>सिन्धुली जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>नवलपरासी जिल्ला अदालत |
| ८. | श्री एकराज आचार्य<br>जिल्ला न्यायाधीश<br>रौतहट जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>धनुषा जिल्ला अदालत |
| ९. | श्री काशीनाथ पोखरेल<br>अतिरिक्त जिल्ला न्यायाधीश<br>सर्लाही जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>गोरखा जिल्ला अदालत |
| १०. | श्री देवेन्द्र गोपाल श्रेष्ठ<br>अतिरिक्त जिल्ला न्यायाधीश<br>काठमाडौं जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>काभ्रे जिल्ला अदालत |
| ११. | श्री शान्तिराज सुवेदी<br>जिल्ला न्यायाधीश<br>धादिङ जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>सर्लाही जिल्ला अदालत |
| १२. | श्री लिलाप्रसाद गौतम<br>अतिरिक्त जिल्ला न्यायाधीश<br>रौतहट जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>लमजुङ जिल्ला अदालत |
| १३. | श्री मोहनकृष्ण खनाल<br>जिल्ला न्यायाधीश<br>कञ्चनपुर जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>रामेछाप जिल्ला अदालत |
| १४. | श्री विमलप्रसाद ढुंगेल<br>जिल्ला न्यायाधीश<br>धनकुटा जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>कञ्चनपुर जिल्ला अदालत |
| १५. | श्री शिवप्रसाद मेले<br>जिल्ला न्यायाधीश<br>प्यूठान जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>कैलाली जिल्ला अदालत |
| १६. | श्री निलकण्ठ उपाध्याय<br>जिल्ला न्यायाधीश<br>नवलपरासी जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>भोजपुर जिल्ला अदालत |
| १७. | श्री बलराम विष्ट<br>जिल्ला न्यायाधीश<br>बाग्लुङ जिल्ला अदालत | अतिरिक्त जिल्ला न्यायाधीश<br>धनुषा जिल्ला अदालत |
| १८. | श्री प्रेम बहादुर के.सी.<br>जिल्ला न्यायाधीश<br>बांके जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>बारा जिल्ला अदालत |
| १९. | श्री देवेन्द्रराज शर्मा<br>जिल्ला न्यायाधीश<br>मोरङ जिल्ला अदालत | अतिरिक्त जिल्ला न्यायाधीश<br>काभ्रेपलाञ्चोक जिल्ला अदालत |
| २०. | श्री माधव प्रसाद चालिसे<br>जिल्ला न्यायाधीश<br>भक्तपुर जिल्ला अदालत | जिल्ला न्यायाधीश<br>सप्तरी जिल्ला अदालत |

२१. श्री फणिन्द्र दत्त शर्मा
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
कपिलवस्तु जिल्ला अदालत — सुनसरी जिल्ला अदालत

२२. श्री बलरामप्रसाद अधिकारी
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
धनुषा जिल्ला अदालत — नुवाकोट जिल्ला अदालत

२३. डा. हरिवंश त्रिपाठी
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
सप्तरी जिल्ला अदालत — काठमाडौं जिल्ला अदालत

२४. श्री तेजबहादुर के.सी.
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
अर्घाखांची जिल्ला अदालत — नवलपरासी जिल्ला अदालत

२५. श्री ठाकुरप्रसाद शर्मा
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
काभ्रेपलान्चोक जिल्ला अदालत — मोरङ जिल्ला अदालत

२६. श्री केदारप्रसाद चालिसे
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
महोत्तरी जिल्ला अदालत — काठमाडौं जिल्ला अदालत

२७. श्री पुरुषोत्तम भण्डारी
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
अछाम जिल्ला अदालत — सुनसरी जिल्ला अदालत

२८. श्री सुरेन्द्र वीर सिंह बस्नेत
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
इलाम जिल्ला अदालत — रुपन्देही जिल्ला अदालत

२९. श्री महावीर प्रकाश श्रेष्ठ
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
तेह्रथुम जिल्ला अदालत — सप्तरी जिल्ला अदालत

३०. श्री लेखनाथ शर्मा रेग्मी
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
रौतहट जिल्ला अदालत — पाल्पा जिल्ला अदालत

३१. श्री दिनेश कुमार कार्की
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
रुपन्देही जिल्ला अदालत — तेह्रथुम जिल्ला अदालत

३२. श्री उदय प्रकाश चापागाई
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
खोटाङ जिल्ला अदालत — सर्लाही जिल्ला अदालत

३३. श्री शम्भु बहादुर खड्का
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
चितवन जिल्ला अदालत — कास्की जिल्ला अदालत

३४. श्री गिरीराज पौडेल
अतिरिक्त जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
ललितपुर जिल्ला अदालत — सिराहा जिल्ला अदालत

३५. श्री रामहरि शर्मा
जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
मकवानपुर जिल्ला अदालत — काठमाडौं जिल्ला अदालत

३६. श्री जयराज जोशी
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
चितवन जिल्ला अदालत — मनाङ जिल्ला अदालत

३७. श्री विष्णु प्रसाद पौडेल
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
कास्की जिल्ला अदालत — मकवानपुर जिल्ला अदालत

३८. श्री नवराज उपाध्याय
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
बारा जिल्ला अदालत — तनहूँ जिल्ला अदालत

३९. श्री भरत प्रसाद अधिकारी
अतिरिक्त जिल्ला न्यायाधीश — अतिरिक्त जिल्ला न्यायाधीश
बारा जिल्ला अदालत — काठमाडौं जिल्ला अदालत

४०. श्री शारदा प्रसाद घिमिरे
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
काठमाडौं जिल्ला अदालत — कपिलवस्तु जिल्ला अदालत

४१. श्री रामचन्द्र राई
जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
रामेछाप जिल्ला अदालत — म्याग्दी जिल्ला अदालत

४२. श्री सहदेव प्रसाद बास्तोला
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
बारा जिल्ला अदालत — मुस्ताङ जिल्ला अदालत

४३. श्री पोषनाथ शर्मा
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
धनुषा जिल्ला अदालत — धादिङ जिल्ला अदालत

४४. श्री नारायण प्रसाद श्रेष्ठ
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
रुपन्देही जिल्ला अदालत — ताप्लेजुङ जिल्ला अदालत

४५. श्री मुक्तिनाथ शर्मा नेपाल
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
काठमाडौं जिल्ला अदालत — खोटाङ जिल्ला अदालत

४६. श्री टंक बहादुर मोक्तान
अतिरिक्त जिल्ला न्यायाधीश — जिल्ला न्यायाधीश
कास्की जिल्ला अदालत — झापा जिल्ला अदालत

४७. श्री प्रकाश राम मिश्र
अतिरिक्त जिल्ला न्यायाधीश — सुनसरी जिल्ला अदालत
जिल्ला न्यायाधीश — बांके जिल्ला अदालत

४८. श्रीमती मीरा खड्का
अतिरिक्त जिल्ला न्यायाधीश — काठमाडौं जिल्ला अदालत
अतिरिक्त जिल्ला न्यायाधीश — भक्तपुर जिल्ला अदालत

४९. श्री जगन्नाथ ढकाल
जिल्ला न्यायाधीश — पर्सा जिल्ला अदालत
जिल्ला न्यायाधीश — रौतहट जिल्ला अदालत

५०. श्री प्रकाश कुमार काफ्ले
जिल्ला न्यायाधीश — डोटी जिल्ला अदालत
जिल्ला न्यायाधीश — सल्यान जिल्ला अदालत

५१. श्री वम कुमार श्रेष्ठ
अतिरिक्त जिल्ला न्यायाधीश — मोरङ जिल्ला अदालत
जिल्ला न्यायाधीश — अर्घाखांची जिल्ला अदालत

५२. श्री केदार प्रसाद प्याकुरेल
अतिरिक्त जिल्ला न्यायाधीश — कपिलवस्तु जिल्ला अदालत
जिल्ला न्यायाधीश — हुम्ला जिल्ला अदालत

५३. श्री चित्रदेव जोशी
जिल्ला न्यायाधीश — हुम्ला जिल्ला अदालत
